म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ३३ सोमबार, १६ भदौ २०८२ ने. सं. ११४५ जलाथ्व 1 September 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## गाँजासहित तीनजना पक्राउ

हेटौंडा, १५ भदौ/मकवानपुर प्रहरीले २६ किलो १० ग्राम लागूऔषध गाँजासहित तीनजनालाई पक्राउ गरेको छ । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडा र प्रहरीचौकी बसामाडी, मकवानपुरबाट खटिएको संयुक्त टोलीले विशेष सूचनाको आधारमा उनीहरुलाई नियन्त्रणमा लिएको हो । पक्राउ पर्नेमा मकवानपुर राक्सीराङ गाउँपालिका-१ बस्ने ३० वर्षीय प्रेमराज मोक्तान, १९ वर्षीय सन्दीप थिङ र १९ वर्षीय बुद्धिलाल मोक्तान रहेका छन् । प्रहरीका अनुसार पूर्वपश्चिम राजमार्गको बसामाडी चौकी अगाडि चेकजाँच गर्ने क्रममा नेवारपानीतर्फबाट हेटौंडातर्फ आइरहेको बा.प्र.०६-००१ ज ०५०३ नम्बरको यात्रुबाहक इभी गाडीमा तीन जना सवार थिए । शंका लागेपछि प्रहरीले उनीहरुको रितपूर्वक खानतलासी गर्दा बोकेको झोलाभित्र लुकाइछिपाइ ल्याइएको २६ किलो १० ग्राम गाँजा फेला परेको हो । बरामद गरिएको लागूऔषधसहित उनीहरुलाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धानका लागि मकवानपुर जिल्ला अदालत हेटौंडाबाट म्याद अनुमति लिइएको प्रहरीले जनाएको छ । प्रहरीले घटनाबारे थप अनुसन्धान अगाडि बढाएको छ ।

### प्रदेशसभा शुन्य समयः

# सडकको अवस्थादेखि किसानको समस्याबारे ध्यानाकर्षण

मनिल महतो

हेटौंडा, १५ भदौ/ बागमती प्रदेशसभाका सांसद्हरुले हेटौंडा-काठमाडौं जोड्ने सडकको अवस्थादेखि किसानले समयमै भुक्तानी नपाएको विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् ।



आइतबारको प्रदेशसभा बैठकको शुन्य समयमा ९ जना सांसद्ले विविध विषयमा सरकारको ध्यानाकर्षण गराएका हुन् । बैठकमा प्रदेशसभा सदस्य भारती पाठकले हेटौंडा-काठमाडौं जोड्ने सडक सुरक्षित नभएको गुनासो गरिन् । उनले हेटौंडा-काठमाडौं जोड्ने सडक धेरै भएपनि कुनै पनि सडक सुरक्षित नरहेको बताइन् । बाढीको कारण विगतदेखि नै प्रदेश राजधानी छिर्ने बागझोरामा समस्या हुने गरेको उनले बताइन् । संघीय सरकारको मातहातमै भएपनि तत्काल प्रदेश सरकारले बागझोरामा दुईवटा पुलराखेर भएपनि यात्रा सहज बनाउनुपर्ने उनले धारणा राखिन् ।

त्यसैगरी सांसद् रामकृष्ण चित्रकारले कृषिप्रधान देशभएपनि कृषक समस्यामा रहेको बताएका छन् । उखु किसान र दुग्ध किसानले समयमै भुक्तानी नपाएको उनले बताए । किसानलाई समयमै भुक्तानी गर्न नसक्दा उत्पादनमा कमी भएर निरुत्साहित भइरहेको भन्दै उनले सरकारको ध्यानाकर्षण गराए । समयमै रासायनिक मलको व्यवस्थापन हुन नसक्दा किसान कृषिपेशामा लाग्ने कि नलाग्ने भन्ने द्विविधामा रहेको उनले बताए । सांसद् शैलेन्द्रमान बज्राचार्यले काठमाडौंका नदी र खोलाकिनारका क्षेत्रमा सरकारले तोकेको मापदण्डभन्दा थप २० मिटरसम्म कुनै पनि संरचना बनाउन नपाउने सर्वोच्च अदालतको आदेशप्रति असन्तुष्टि जनाए । सर्वोच्चको फैसलापछि आफूजस्ता दसौं हजार घरपरिवार सुकुम्बासी बन्ने अवस्था भएको उनले बताए ।

सांसद् रतन ढकालले चीन-भारत लिपुलेक व्यापार सहमतिमा आपत्ती जनाए । लिपुलेक सम्झौता बारे विगतमा आफ्नै नेतृत्वमा अभियान चलाएको उनले बताए । सांसद् ढकालले लिपुलेक नेपालकै भूमि भएको उल्लेख गरे । सांसद् मातृका यादवले मलको आपूर्तिमा सरकारले ध्यान दिनुपर्ने बताए । बजारमा व्यापारीका हातमा मल हुने र किसानले उच्च मूल्यमा मल किन्नुपर्ने बाध्यता रहेको उनले बताए । मलको पर्याप्तताको लागि सरकारले सबै ठाउँमा न्यायपूर्ण तरिकाले मल पुऱ्याउनु पर्ने उनले उल्लेख गरे ।

सांसद् उद्धव थापाले काठमाडौंमा १ लाख रोपनी जग्गा केही व्यक्ति र संस्थाले ओगटेर बसेको रिर्पोटप्रति सरकारको ध्यानाकर्षण गराए । दुई ठुला दलको सरकारले यस विषयमा ध्यान केन्द्रित गर्नुपर्ने उनले बताए । सांसद् थापाले सरकारी जग्गामा ध्यान नपुऱ्याएर खोलाकिनारमा थप २० मिटर थपेर के गर्न खोजेको भन्दै प्रश्न गरे । सांसद् उत्तम जोशीले सरकारले इम्बोस्ड नम्बर प्लेटबाट जनतालाई त्रसित बनाउन खोजेको बताए । सामाजिक सञ्जालभरी इम्बोस्ड नम्बर प्लेटको आतंक फैलिरहेको उनले बताए । प्रदेश सरकारको एकल अधिकारको क्षेत्रभित्र पर्ने विषयमा संघीय सरकारले हस्तक्षेप गर्न नहुने उनको भनाई छ ।

अर्का सांसद् युवराज चौलागाईले २०८१ असोज १२ गते सुनकोशी नदीमा आएको बाढीले खाँडादेवी गाउँपालिकाको १ नं. वडामा रहेको झोलुङ्गे पुल अहिलेसम्म मर्मत नभएको बताए । चालु आर्थिक वर्षमा पनि सरकारले पुलको मर्मतको लागि रकम विनियोजना नभएको उनले बताए । पुलको मर्मत नहुँदा त्यहाँको जनजीवन अस्तव्यवस्त भएको भन्दै छिटो पुलको मर्मत गर्न चौलागाईले सरकारको ध्यानाकर्षण गराए । सांसद् सरल सहयात्री पौडेलले सिन्धुपाल्चोकको बलेफी गाउँपालिकाको जलवीरेको सडक ३ दिनदेखि अबरुद्ध हुँदा जुगल गाउँपालिकाको सिंगै बस्ती नै प्रभावित भएको बताए । जगुल गाउँपालिकाको बासिन्दालाई सहज रुपमा यातायातको प्रबन्ध मिलाउन उनले सरकारको ध्यानाकर्षण गराए ।

**विवादित चिठ्ठा विधेयक पेस**

आइतबार कै प्रदेशसभा बैठकमा विवादित चिठ्ठा विधेयकको प्रतिवेदन पेस भएको छ । प्रदेश मामिला समितिका सभापति छिरिङदोर्जे लामाले प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकसम्बन्धी समितिको प्रतिवेदन पेश गरेका हुन् ।

समितिमा दफावार छलफल भई संशोधनसहित पारित गरेको विधेयकको प्रतिवेदन सभापति लामाले पेस गरेका हुन् । प्रतिवेदन माथि आगामी बैठकमा छलफल हुनेछ । २०८० वैशाख १२ गते बसेको प्रदेशसभा बैठकले चिठ्ठा विधेयक पारित गरी प्रमाणीकरणका लागि प्रदेशप्रमुखसमक्ष पठाएको थियो । तत्कालीन बागमती प्रदेशप्रमुख यादवचन्द्र शर्माले गम्भीर त्रुटि औंल्याउँदै २०८० जेठ ७ गते प्रदेशसभामा फिर्ता पठाएका थिए । २०८२ जेठ ८ मा बसेको प्रदेशसभाको बैठकले 'प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'लाई दफावार छलफल र संशोधनको लागि समितिमा पठाएको थियो ।

त्यसअघि पनि विधेयक संसदमा पठाउन पटकपटक प्रयास गरिएको थियो । 'कालो धनलाई सेतो बनाउन' मद्दत पुऱ्याउने गरी कानुनी व्यवस्था गर्न विधेयक ल्याइएको भन्दै यसको आलोचना भएपछि सरकार रोकिएको थियो । २०८० असोज १५ मा बसेको प्रदेशसभा बैठकमा चिठ्ठा विधेयक 'चोरबाटो' बाट पुनर्विचारको लागि प्रस्ताव प्रस्तुत गर्न खोजिएको थियो । त्यतिबेलाको प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सांसदहरुले विरोध गर्दै रोष्टम घेराउ गरेका थिए । तत्कालीन समयमा एमाले प्रदेशसभाको प्रमुख प्रतिपक्ष दलको रुपमा रहेको थियो । एमालेको अवरोधपछि केही समय विधेयक संसदमा नै रोकिएको थियो ।

हाल एमालेको सहमतिमा नै विधेयक अघि बढाइएको हो । तत्कालीन समयमा माओवादीको नेतृत्वमा विधेयक समितिमा प्रवेश पाएको थियो । यो विधेयक २०८० वैशाख १२ मा एकै दिनमा संसदमा पेस गरेर पारित गरिएको थियो । प्रदेशसभाको अर्को बैठक सोमबार बिहान ११:३० बजे बस्ने गरी स्थगित भएको छ ।

# हेटौंडा यातायात कार्यालयबाट पाइन्छ इम्बोस्ड नम्बर प्लेट

साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/ सरकारले इम्बोस्ड नम्बर अनिवार्य गरेसँगै अहिले विभिन्न ९ वटा कार्यालयबाट यसको जडान भइरहेको यातायात व्यवस्था विभागले जानकारी दिएको छ ।



विभागका अनुसार बागमती प्रदेशका हकमा यातायात व्यवस्था कार्यालय एकान्तकुना ललितपुर, यातायात व्यवस्था सेवा कार्यालय हेटौंडा मकवानपुर र यातायात व्यवस्था कार्यालय गुर्जुधारा र सवारी परीक्षण कार्यालय टेकुमा इम्बोस्ड नम्बर जडान भइरहेको छ । गण्डकी प्रदेशमा यातायात व्यवस्था कार्यालय कास्की पोखरामा जडान सुरु भएको छ । लुम्बिनी प्रदेशमा यातायात व्यवस्था कार्यालय रुपन्देही बुटवल, दाङ तुल्सीपुर र नेपालगञ्ज बाँकेबाट यसको जडान भइरहेको छ । कर्णाली प्रदेशमा यातायात व्यवस्था कार्यालय सुर्खेतबाट जडान थालिएको छ ।

विभागका अनुसार असोज १ गतेदेखि भने थप ७ कार्यालयबाट इम्बोस्ट नम्बर जडान थालिने भएको छ । सुदूरपश्चिमका हकमा यातायात व्यवस्था कार्यालय धनगढी र कञ्चनपुरमा सोही दिनबाट इम्बोस्ड नम्बर जडान थालिने छ ।

मधेशका हकमा यातायात व्यवस्था कार्यालय लहान सिरहाबाट जडान सुरु हुने भएको छ । बागमतीको चितवन, कोशीमा सुनसरी इटहरी र झापा बिर्तामोडमा १ असोजदेखि जडान थालिने भएको छ । संघ, प्रदेशका मन्त्रीस्तरीय विषयगत समिति बैठकले इम्बोस्ड नम्बर प्लेट जडान तीव्रता दिन १ असोजदेखि सवारीसाधन दर्ता, नामसारी वा नवीकरणमा इम्बोस्ड नम्बर अनिवार्य गरेको छ ।

विभागले आफूलाई पायक पर्ने समय र कार्यालय गएर यस्तो नम्बर प्लेट राख्न भनेको छ । यसबाट निकट भविष्यमा सबै सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट जडान भई सवारीसाधनको विवरण डिजिटाइज हुनेछ । यसका लागि सरकारले सबै प्रदेश समेट्ने गरी मुख्य प्रवेशद्वार वा प्रवेश बिन्दुमा नेपालभरि १० स्थानमा आरएफआईडी गेट बनाउने भएको छ । यसमध्ये काठमाडौंको २ स्थानमा निर्माण सम्पन्न भई प्रयोगमा ल्याइसकिएको विभागले जनाएको छ ।

# मिर्गौला बेचविखनमा संलग्न ७ जनाको गिरोह पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/ मानवअङ्ग मिर्गौला बेचविखनमा संलग्न ७ जनाको गिरोहलाई नेपाल प्रहरीले पक्राउ गरेको छ ।



नेपाल प्रहरी मानव अनुसन्धान बेचविखन ब्युरोले आईतवार काठमाडौंमा पत्रकार सम्मेलन गरी यो जानकारी गराएको हो । भारतको नयाँदिल्लीमा बसेर गैरकानूनी कार्यमा नाइकेको भूमिका निर्वाह गरिरहेका सिन्धुपाल्चोकका श्यामकृष्ण भण्डारीलाई महेन्द्रनगरबाट र उनको सहयोगीको रुपमा रहेका सुजन भारतीलाई वीरगञ्जबाट पक्राउ गरी संगठित अपराधअन्तर्गत कारबाही अघि बढाइएको ब्युरोका प्रमुख प्रहरी वरिष्ठउपरीक्षक कृष्णप्रसाद पंगेनीले जानकारी दिएका छन् ।

यो गिरोहले पैसाको प्रलोभनमा पारेर काठमाडौं, नुवाकोट, काभ्रपलाञ्चोक, धादिङलगायतका सर्वसाधारणलाई भारतको नयाँदिल्ली लगेर गैरकानूनीरुपमा मिर्गौला झिकी विक्री गर्ने गरेको पाइएको प्रहरीले जनाएको छ । यो समूहविरुद्ध मानव बेचबिखन अनुसन्धान ब्यूरोमा ४ वटा मुद्दा दर्ता भएका छन् भने ५ जना पीडितले जाहेरी दिएका थिए । त्यसपछि 'अप्रेसन लाइफ फिल्ड' नाम दिएर ब्यूरोले अनुसन्धान अघि बढाएको थियो । प्रारम्भिक अनुसन्धानका क्रममा किड्नी दिन तयार हुने मानिसलाई गाडीको व्यवस्थापन आफैं गरेर भारतको नयाँदिल्लीसम्म पुऱ्याउने गरेको खुलेको छ ।

यो कार्यमा संलग्न अन्य तीनजना गत साउन २० गते पक्राउ परेका थिए । पीडितले दिएको जाहेरी र पक्राउ परेकाहरुको बयानका आधारमा प्रहरीले थप अनुसन्धानको प्रक्रिया अघि बढाएको थियो । प्रहरीले लिएको प्रारम्भिक बयानका क्रममा मुख्य नाइके भण्डारीले, नेपालबाट लगिएकालाई दिल्लीको लाजपत नगरस्थित कस्तुर वा निकेतनस्थित एउटा होटलमा लगेर राख्ने र खाने बस्ने सबै व्यवस्था गर्ने गरेको बताएका छन् । किड्नी दिन तयार भएका मानिसलाई होटलमै चिकित्सक बोलाएर रगत जाँचलगायत काम गर्ने गरेको भण्डारीले बयानका क्रममा भनेका छन् ।

त्यसरी भारत पुऱ्याइएका नेपालीलाई बेहोस बनाएर आँखामा पट्टि लगाएर अस्पतालमा ३/४ दिन राख्ने र नेपाल फर्काउने काम गरेको पनि भण्डारीले प्रहरीसमक्ष बताएका छन् । भण्डारीले आफूले ६ लाख भारतीय रुपैयाँ दिने भनेर प्रलोभनमा पार्ने गरेको स्वीकारेका छन् । प्रहरीका अनुसार, मुद्दा चलिरहेका पीडितमध्ये एक जनाले ५ हजार मात्रै पाएको पनि उनले बयानका क्रममा स्वीकारेका छन् । सोधपुछका क्रममा उनले २५ जना व्यक्तिको किड्नी झिक्न लगाएर पैसा लिएको स्वीकारेका छन् ।

यद्यपि अनुसन्धानका क्रममा भने एक सयभन्दा बढी व्यक्तिको किड्नी बेचबिखनमा संलग्न भएको प्रहरीले जनाएको छ । यो गिरोहलाई संगठित अपरोध ऐन अन्तर्गत कारबाही प्रारम्भ गरिएको पनि प्रहरीले जनाएको छ । सो ऐन अन्तर्गत मानव बेचविखन र गैरकानूनीरुपमा अङ्ग बेचविखनमा संलग्नलाई १० वर्ष कैद र २ लाख रुपैयाँसम्म जरिवाना गर्ने व्यवस्था रहेको प्रहरी वरिष्ठ उपरीक्षक पंगेनीले बताए ।




साझाकुरा

## हाम्रो कुरा

# पत्रकारितामा बढ्दो चुनौती

पछिल्लो समयमा मकवानपुरको पत्रकारिता क्षेत्रमा चुनौती थपिदै गएकोमा सञ्चारकर्मीले चिन्ता व्यक्त गरेका छन् । शनिबार पत्रकार महासंघ मकवानपुरको कार्यसमिति, महासंघका पूर्वअध्यक्ष, पत्रकार आबद्ध संगठनका अध्यक्षबीच भएको छलफल कार्यक्रममा पत्रकारहरुले चिन्ता व्यक्त गरेका हुन् । सञ्चारक्षेत्रलाई राज्यको चौथो अङ्ग भनिएपनि व्यवहारमा भने नदेखिएको उनीहरुले बताएका छन् । राज्यको प्रशासनिक निकायमा सहजै समाचार संकलनको वातावरण नबनेको उनीहरुले बताएका छन् । सञ्चारमाध्यमका विषयवस्तुको विश्वासनियतामा प्रश्न उठ्ने गरेको छ । त्यस्ता प्रश्नहरुलाई स्वीकार गरी विश्वासनीयता कायम राख्नुपर्नेमा जोड दिइएको थियो । हिजको पत्रकारिता अभ्यासका आधारमा गरिदै आएको भएपनि आज पत्रकारिताका लागि गहन अध्ययन र प्रविधियुक्त रहेकाले पत्रकारिता पेशामा अवसर र चुनौती दुबै रहेको बताइएको छ । पत्रकारिताक्षेत्र पेशागत सिद्दान्तबाट विमुख हुदाँ सामाजिक संजाल तथा अन्य माध्यम हाबी हुन थालेको छ । प्रेस स्वतन्त्रताको उपभोगसँग जोडिएको विषयमा निरन्तर बहस र छलफल हुनुपर्नेमा जोड दिदै संचारकर्मीले सञ्चारमाध्यमका विषयजस्तु सामाजिक न्यायका लागि केन्द्रित हुनुपर्नेमा जोडदिए । आजको पत्रकारितामा विभिन्न चुनौती थपिएको छ । यसलाई प्रविधि, शैली र समाज रुपान्तरणका हिसावले व्याख्या विश्लेषण गर्नुपर्छ ।

पत्रकारितामा कमी-कमजोरी रहेको भन्दै आजको पत्रकारितालाई सच्याउन सकिएन भने अवको पत्रकारिता झन संकटमा पर्ने बताइएको छ । नेपाली पत्रकारिता क्षेत्रलाई समाजले कसरी हेरिरहेको छ ? यस विषयमा छलफल र समिक्षा हुनुपर्ने बताइएको छ । सञ्चारमाध्यमले पत्रकारितको धर्म निर्वाह गरिरहेको छ कि छैन ? भन्दै पत्रकार आचारसंहिता र सञ्चारसम्बन्धी निर्देशिका पालना नगर्ने सञ्चारमाध्यम र संचारकर्मी समाजमा पछाडि पर्ने अवस्था रहेको बताइएको छ । पत्रकारले सिक्ने सिकाउने कार्य निरन्तर जारी राख्दै परिवर्तित समयमा सूचना तथा सन्देशलाई सहज र सलर ढंगले लक्षित समुदायमा पुऱ्याउन ध्यान दिनुपर्ने बताइएको छ । महासंघ लगायत संचारसँग संबद्ध संस्थाले पत्रकारिताको क्षमता अभिवृद्धि र गलत सूचना संप्रेषण रोक्न पहलकदमी लिन सुझाव दिइएको छ । कार्यक्रममा महासंघका पूर्वअध्यक्ष भानुभक्त आचार्यले विगतको तुलनामा सञ्चारक्षेत्रमा अहिले धेरै अवसर रहेपनि चुनौती पनि उत्तिकै रहेको बताए । जिल्ला प्रशासनलगायत सरकारी निकायमा समाचार संकलनको सहज वातावरण नभएको उनले बताए । पछिल्लो समय सञ्चारकर्मीहरुमा अल्छीपना देखिएको आचार्यको भनाई छ । समाचार कपी पेस्ट गर्ने परिपार्टीलाई भने अन्त्य गर्नुपर्नेमा पूर्वअध्यक्ष आचार्यले जोड दिए । उनले सदस्यता नवीकरणमा महासंघले स्पष्ट मापदण्ड बनाउनुपर्ने बताए । आफ्नो सदस्यता नरहँदा पनि आफूलाई पत्रकारिता गर्न कसैले रोक्न नसक्ने उनको भनाई छ । पत्रकारिता क्षेत्रमा मात्र बाँच्न नसकेपछि अर्को काममा पनि समय खर्च गर्ने संचारकर्मीको संचारक्षेत्रमा गरिएको डेडिकेसनलाई पनि मध्यनजर गर्नु जरुरी रहेको बताइएको छ ।

महासंघका पूर्वअध्यक्ष राममणि दाहालले राज्यका विभिन्न तहमा बसेका नेतृत्वनै सञ्चारकर्मीलाई नकारात्मक नजरले हेर्ने गरेको बताए । बिनाप्रसंग सञ्चारकर्मीलाई गाली गर्ने गरेको उनले बताए । महासंघ बागमती प्रदेश उपाध्यक्ष हरि हुमागाईले सञ्चारकर्मी कै गतिविधिको कारण सञ्चारकर्मी माथि प्रश्न उठेको जिकिर गरे । निष्पक्ष ढंगले पत्रकारिता गर्न उनले सुझाव दिए । आफूले विगतमा २ महिना मात्र नपुग्दा महासंघको सदस्यता नपाएको स्मरण गर्दै मापदण्ड पूरा भएकालाई मात्र सदस्यता दिनुपर्ने उनले बताए । पार्टीगत आस्थाको आधारमा सदस्य दिन नहुने उनले बताए । यसैगरी वरिष्ठ पत्रकार एवम् महासंघ बागमती प्रदेशका संस्थापक अध्यक्ष प्रताप विष्टले पञ्चायतकालदेखि नै सञ्चारकर्मी माथि चुनौती रहेको बताए । चुनौतीको सामना गर्दै अवसरको सदुपयोग गर्नुपर्नेमा उनले जोड दिए । प्रशासनिक निकायसँग जुध्न र झुक्न पनि नहुने उनको भनाई छ । विष्टले सामाजिक सञ्जालको कारण सञ्चारक्षेत्रमा चुनौती थपिएको बताए । नियत सफा भए सदस्यता नवीकरण र वितरणमा समस्या नआउने उनको भनाई छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छातिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ भदौ १७ गते मंगलबार २ सेप्टेम्बर २०२५ । दशमी, भाद्र कृष्णपक्ष । ञलाथ्व ११४५ ने.सं. । सूर्योदय ५:४३, सूर्यास्त ६:२२ । निवृत्तिभरण दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सञ्चित धन खर्च हुनेछ | **तुला** | : सहमतिका कार्यहरु हुनेछन् |
| **वृष** | : आफन्तले कुरा काट्नेछन् | **वृश्चिक** | : नयाँ कार्य सम्पन्न हुनेछ |
| **मिथुन** | : आत्मविश्वास बढ्नेछ | **धनु** | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ |
| **कर्कट** | : आफन्तको सहयोग मिल्नेछ | **मकर** | : सन्तानबाट सन्तोष मिल्नेछ |
| **सिंह** | : मान, प्रतिष्ठा बढ्नेछ | **कुम्भ** | : विवाद पर्न सक्नेछ |
| **कन्या** | : कार्यमा सफलता मिल्नेछ | **मीन** | : दाम्पत्य सुख मिल्नेछ |

# एससीओ सम्मेलन: कूटनीतिक लाभको दुर्लभ अवसर



✍ गणेश अम्गाई

संघाइ सहयोग संगठन (एससीओ) विश्वको एक महत्त्वपूर्ण भूराजनीतिक मञ्च हो, जहाँ विश्वका प्रमुख शक्तिहरू एकै ठाउँमा भेला हुन्छन् । यसको आगामी शिखर सम्मेलन सन् २०२५ को अगस्ट ३१ देखि सेप्टेम्बर १ सम्म चीनको तियानजिन शहरमा हुने तय भएको छ । यो सम्मेलनले विश्वव्यापी सुरक्षा, आतंकवाद नियन्त्रण, क्षेत्रीय स्थिरता र आर्थिक सहकार्य जस्ता संवेदनशील विषयमा छलफल गर्नेछ । यो सम्मेलनले नेपाल जस्ता साना राष्ट्रहरूलाई पनि आफ्नो भूराजनीतिक अवस्थितिको लाभ उठाउँदै, भारत र चीन जस्ता ठूला छिमेकीहरूसँगको सम्बन्धलाई सुदृढ पार्ने कूटनीतिक अवसर प्रदान गर्दछ ।

एससीओको यस पटकको सम्मेलनको आयोजना चीनले गर्न लागेको र यसमा चीन र भारतका शीर्ष नेताहरूबीच भेटघाट हुने निश्चित भएकाले यसको महत्त्व अझ बढेको छ । यसले दुई ठूला शक्तिबीचको सम्बन्ध सुधारका लागि एउटा दुर्लभ अवसर प्रदान गर्नेछ । नेपालका लागि यस्ता बहुपक्षीय मञ्चहरू आफ्ना राष्ट्रिय हितका मुद्दाहरूलाई विश्वव्यापी बनाउने र द्विपक्षीय सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने माध्यम बन्न सक्छन् । नेपालले आफ्नो भौगोलिक अवस्थालाई कूटनीतिक सम्पदाका रूपमा उपयोग गर्न सक्नेछ, जसले गर्दा दुई छिमेकीसँगको सम्बन्ध थप सन्तुलित र प्रभावकारी बन्नेछ ।

**क्षेत्रीय सहकार्यको नयाँ क्षितिज**

चीनको तियानजिनमा हुन लागेको एससीओको २५औं शिखर सम्मेलनले युरेशियाको भूराजनीतिक परिदृश्यमा नयाँ मोड ल्याउने सम्भावना छ । यो सम्मेलनले विश्वका प्रमुख नेताहरूलाई एकै ठाउँमा भेला गराउने मात्र नभई, यसले विश्वव्यापी सुरक्षा र बहुवीय विश्व व्यवस्थाको निर्माणमा पनि महत्त्वपूर्ण भूमिका खेल्नेछ । सन् २०१९ मा भारत र पाकिस्तानलाई पूर्ण सदस्य बनाएपछि यसको प्रभाव क्षेत्र र महत्त्व उल्लेखनीय रूपमा बढेको थियो । अब यस सम्मेलनमा बेलारुस र इरानलाई पनि पूर्ण सदस्यका रूपमा स्वीकार गर्ने प्रक्रियाले यसको दायरालाई थप फराकिलो बनाउनेछ । यस विस्तारले एससीओलाई युरेशियाको सबैभन्दा ठूलो र शक्तिशाली क्षेत्रीय संगठन बनाउनेछ, जसले विश्वव्यापी शक्ति सन्तुलनमा महत्त्वपूर्ण प्रभाव पार्नेछ ।

यो सम्मेलन केवल एउटा औपचारिक भेटघाट मात्र नभई, यसले विश्वव्यापी आतंकवाद नियन्त्रण, साइबर सुरक्षा र क्षेत्रीय स्थिरताका मुद्दाहरूमा गम्भीर छलफल गर्नेछ । भारत, चीन, रूस र पाकिस्तान जस्ता आणविक शक्तिसम्पन्न राष्ट्रहरू एउटै मञ्चमा आउनुले यसको कूटनीतिक आयाम निकै जटिल र अर्थपूर्ण बनेको छ । गलवान उपत्यकाको झडपपछि तनावग्रस्त बनेको भारत र चीनबीचको सम्बन्धलाई सुधार्ने प्रयासहरू पनि यही मञ्चबाट हुनसक्ने सम्भावना छ । यसैले, तियानजिन सम्मेलनलाई एउटा महत्त्वपूर्ण कूटनीतिक मञ्चका रूपमा हेरिएको छ, जसले भविष्यमा क्षेत्रीय र विश्वव्यापी सम्बन्धको दिशा तय गर्न सक्छ । यस सम्मेलनमा जारी हुने तियानजिन घोषणापत्रले भविष्यका लागि संगठनको विकास रणनीति र प्राथमिकताहरूलाई स्पष्ट पार्नेछ, जसले सदस्य राष्ट्रहरू बीचको सहकार्यलाई अझ मजबुत बनाउनेछ ।

**एससीओको संरचना र नेपालको स्थिति**

संघाइ सहयोग संगठनको सदस्यता संरचनाले यसको प्रभाव र दायरालाई स्पष्ट रूपमा देखाउँछ । यस संगठनमा अहिले चीन, रूस, भारत, पाकिस्तान, काजकिस्तान, किर्गिस्तान, ताजकिस्तान र उज्वेकिस्तान गरी आठ स्थायी सदस्यहरू छन् । यसका अतिरिक्त, अफगानिस्तान र मंगोलिया पर्यवेक्षक राष्ट्रहरू हुन् भने नेपाल, श्रीलंका, टर्की, अजरबैजान, आर्मेनिया, साउदी अरेबिया, इजिप्ट, कतार र बहराइन लगायत १४ राष्ट्रहरू संवाद साझेदार (डाइलग पार्टनर्स) हुन् । नेपालले सन् २०१५ मा यो संवाद साझेदारको दर्जा प्राप्त गरेको हो, जसले नेपाललाई औपचारिक रूपमा एससीओका बैठक र कार्यक्रमहरूमा सहभागी हुने अवसर दिएको छ ।

यद्यपि, नेपाल स्थायी सदस्य नभए पनि तियानजिन सम्मेलनमा नेपालका प्रधानमन्त्रीको सम्भावित सहभागिताले नेपाललाई महत्त्वपूर्ण कूटनीतिक अवसर प्रदान गर्दछ । यस्ता बहुपक्षीय मञ्चहरूमा सहभागिताले नेपाललाई छिमेकी राष्ट्रहरू चीन र भारतसँग उच्चस्तरीय द्विपक्षीय वार्ता गर्ने अवसर दिन्छ । यसले नेपाललाई आफ्नो भूराजनीतिक अवस्थितिको फाइदा उठाउँदै, भारत र चीन दुवैसँग सन्तुलित र मैत्रीपूर्ण सम्बन्ध कायम राख्न मद्दत पुऱ्याउँछ । तर, यसमा केही चुनौती पनि छन् । नेपालले आफ्नो संवाद साझेदारको भूमिकालाई कसरी प्रभावकारी बनाउने र आफ्नो राष्ट्रिय हितका मुद्दाहरूलाई कसरी उठाउने भन्ने विषयमा स्पष्ट रणनीति बनाउनु आवश्यक छ । एससीओको एजेन्डा मुख्यत: सुरक्षा र अर्थतन्त्रमा केन्द्रित हुने हुँदा, नेपालले यी क्षेत्रहरूमा कसरी लाभ उठाउन सकिन्छ भन्नेमा ध्यान केन्द्रित गर्नुपर्छ ।

**लिपुलेक, लिम्पियाधुरा र कालापानीमा नेपालको अडान**

यदि नेपालका प्रधानमन्त्री तियानजिन सम्मेलनमा सहभागी हुनुभयो भने, उहाँका लागि सबैभन्दा महत्त्वपूर्ण कूटनीतिक अवसर भारतीय प्रधानमन्त्रीसँगको द्विपक्षीय भेटघाट हुनेछ । यो भेटघाटलाई नेपालले वर्षौंदेखि अल्झिएको लिपुलेक, लिम्पियाधुरा र कालापानीको सीमा विवादलाई समाधान गर्ने दिशामा पहल गर्न प्रयोग गर्न सक्छ । नेपालले आफ्नो ऐतिहासिक नक्शा र प्रमाणहरूलाई आधार बनाएर भारतसँग यो विषयमा स्पष्ट र कूटनीतिक वार्ता गर्नुपर्छ । यो मुद्दा नेपालको सार्वभौमिकता र भौगोलिक अखण्डतासँग प्रत्यक्ष जोडिएको हुनाले, यसलाई निकै संवेदनशील र परिपक्व तरिकाले उठाउनु आवश्यक छ ।

**प्रधानमन्त्रीले यो विषय उठाउँदा निम्न बुँदाहरूमा ध्यान दिनुपर्छ:**

१. ऐतिहासिक प्रमाण र सन्धिहरूको बलमा आफ्नो दाबीलाई मजबुत बनाउनुपर्दछ । सन् १८१६ को सुगौली सन्धि र त्यसपछिका विभिन्न कागजातहरूले काली नदीलाई नेपालको पश्चिमी सिमाना मानेको तथ्यलाई स्पष्ट रूपमा प्रस्तुत गर्नुपर्छ ।

२. उत्तेजित भाषा प्रयोग नगरी, संयमित र परिपक्व तरिकाले नेपालको अडान स्पष्ट पार्नुपर्छ । कूटनीतिक वार्ताको माध्यमबाट मात्र यसको समाधान सम्भव छ भन्नेमा जोड दिनुपर्छ ।

३. यो मुद्दालाई द्विपक्षीय वार्ताको माध्यमबाट समाधान गर्नका लागि एउटा संयुक्त संयन्त्र बनाउन प्रस्ताव गर्न सकिन्छ ।

४. प्रधानमन्त्रीले नेपालको सार्वभौमिकताको सवालमा कुनै पनि सम्झौता नहुने कुरा स्पष्ट पार्नुपर्छ तर यसका लागि बलियो र तथ्यपरक आधारहरूको प्रस्तुति आवश्यक छ ।

अझ महत्त्वपूर्ण कुरा, हालै चीन र भारतबीच लिपुलेक हुँदै व्यापारिक मार्ग खोल्ने सहमति भएको भन्ने सन्दर्भमा, नेपालले आफ्नो अडान बलियो रूपमा राख्नुपर्छ । नेपाल दुई ठूला देशबीच रहेको भू-परिवेष्ठित (ल्यान्डलक्ड) राष्ट्र भएकाले चीन र भारतबीचको व्यापार नेपालको भू-भाग हुँदै हुनुपर्ने कुरामा जोड दिनुपर्छ । नेपालले भारत र चीनसँगको व्यापारमा एकतर्फी निर्भरताबाट बच्नका लागि दुईतर्फी व्यापारिक सन्तुलन कायम गर्न यो अवसर प्रयोग गर्नुपर्छ । यसका लागि नेपालले केरुङ-काठमाडौं-वीरगन्ज रेलमार्गको कुरालाई बुलन्द रूपमा उठाउनुपर्छ, जसले चीन र भारतबीचको व्यापारिक मार्ग लिपुलेक हुँदै नभई नेपालको मध्यभाग हुँदै सञ्चालन गर्न सकिनेछ । यो मार्ग तीनै देशको हितमा हुनेछ र यसले नेपाललाई व्यापारिक हबका रूपमा स्थापित गर्न मद्दत गर्नेछ ।

**चीन-भारत सम्बन्ध र नेपालमा यसको प्रभाव**

सन् २०२० मा भएको गलवान उपत्यकाको झडपपछि भारत र चीनबीचको सम्बन्ध निकै तनावग्रस्त बनेको थियो । दुवै देशबीच उच्चस्तरीय वार्ता र कूटनीतिक प्रयासहरू भए पनि सीमा विवाद पूर्ण रूपमा समाधान हुनसकेको छैन । यस पृष्ठभूमिमा, एससीओ सम्मेलनमा दुवै देशका राष्ट्रप्रमुखहरूले एउटै मञ्चमा भेट्दा यसलाई सम्बन्ध सुधारको एउटा महत्त्वपूर्ण मोड मान्न सकिन्छ । यो भेटवार्ताले दुई देशबीचको सीमा विवादलाई समाधान गर्ने दिशामा केही सकारात्मक कदम चाल्न सक्छ ।

भारत र चीन बीचको सम्बन्धमा आउने कुनै पनि सकारात्मक वा नकारात्मक परिवर्तनको प्रत्यक्ष असर नेपालमा पर्दछ । यदि दुई ठूला छिमेकी बीचको तनाव कम भयो भने, नेपाललाई भूराजनीतिक दबाबबाट राहत मिल्नेछ । यसले नेपाललाई दुवै देशसँग सन्तुलित र मैत्रीपूर्ण सम्बन्ध कायम राख्न सहज बनाउनेछ । तर, यदि दुई देश बीचको तनाव कायमै रह्यो भने, नेपालका लागि आफ्ना दुवै छिमेकीसँग सन्तुलित सम्बन्ध कायम राख्नु चुनौतीपूर्ण हुनेछ । यसैले, नेपालले एससीओ सम्मेलनमा हुने भारत-चीन द्विपक्षीय वार्तालाई नजिकबाट नियाल्नु र यसबाट आफ्नो लागि फाइदा उठाउने रणनीति बनाउनुपर्छ । नेपालले दुवै देशसँग व्यापार, लगानी र सुरक्षा सहकार्यका क्षेत्रमा द्विपक्षीय वार्ता गर्ने अवसरको खोजी गर्नुपर्छ ।

**नेपालको कूटनीतिक विकल्प र भविष्यको मार्ग**

नेपालले एससीओको मञ्चलाई आफ्नो राष्ट्रिय हितको रक्षा र प्रवर्धनका लागि एउटा अवसरका रूपमा उपयोग गर्नुपर्छ । यदि प्रधानमन्त्रीको सम्मेलनमा सहभागिता भयो भने, उहाँले चिनियाँ राष्ट्रपति र भारतीय प्रधानमन्त्री दुवैसँग अलग-अलग द्विपक्षीय भेटघाटको व्यवस्था गर्न सक्नुहुन्छ । यी भेटघाटहरूमा नेपालले आफ्नो राष्ट्रिय हितका मुद्दाहरू, जस्तै लिपुलेक, लिम्पियाधुरा, कालापानी, चीनसँगको व्यापारिक नाकाहरू खोल्ने र लगानी भित्र्याउने जस्ता विषयमा छलफल गर्न सक्नुहुन्छ । यसका लागि नेपालले निम्न रणनीतिहरू अपनाउन सक्छ ।

पहिलो, चीनको बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) अन्तर्गतका परियोजनाहरूलाई थप पारदर्शी र दिगो बनाउन जोड दिनुपर्छ । पारवहन तथा यातायात सन्धिका प्रोटोकलहरूको प्रभावकारी कार्यान्वयनले नेपाललाई चिनियाँ बन्दरगाहहरू प्रयोग गरी भार तमाथिको व्यापारिक निर्भरता कम गर्न मद्दत गर्नेछ । साथै, तिब्बत-नेपाल सीमामा सुरक्षा र अवैध गतिविधि नियन्त्रणमा दुवै देश बीच सहकार्य आवश्यक छ ।

दोस्रो, नेपाल र भारत बीचको खुला सीमा दुवै देशका लागि आर्थिक र सामाजिक रूपमा महत्त्वपूर्ण छ तर यसले अवैध व्यापार, मानव बेचबिखन र सीमापार अपराध जस्ता सुरक्षा चुनौती पनि निम्त्याउँछ । दुवै देशबीच थप समन्वय आवश्यक छ । ऊर्जा व्यापार नेपालको अर्थतन्त्रका लागि ठूलो सम्भावना हो, त्यसैले जलविद्युत् विकास गरी भारतलाई निर्यात गर्ने विषयमा दुवै देशले जोड दिनुपर्छ ।

तेस्रो, गलवान उपत्यकाको झडपपछि तनावग्रस्त बनेको भारत र चीन बीचको सम्बन्धलाई एससीओ मञ्चले सुधार्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । नेपालले यो भूराजनीतिक प्रतिस्पर्धाको बीचमा फस्नुको सट्टा दुवै देशसँग सन्तुलित र असंलग्न कूटनीति अपनाउनुपर्छ ।

यसले नेपाललाई दुवै देशबाट आर्थिक र सुरक्षा लाभ लिन मद्दत गर्नेछ । यो सम्मेलन नेपालका लागि द्विपक्षीय र बहुपक्षीय अवसरहरूको संगम हो । यसको सही उपयोग गर्न सकेमा नेपालको राष्ट्रिय हित र कूटनीतिक सम्बन्धहरू बलियो हुनेछन् ।

अन्त्यमा, तियानजिनमा हुने एससीओ शिखर सम्मेलन नेपालका लागि आफ्नो कूटनीतिक क्षमता देखाउने र भूराजनीतिक जटिलताहरूको बीचमा आफ्नो राष्ट्रिय हितको रक्षा गर्ने महत्त्वपूर्ण मौका बनेको छ । नेपालले यो अवसरलाई सदुपयोग गर्नका लागि पूर्वतयारी गर्नुपर्छ । नेपालका नेताहरूले द्विपक्षीय वार्ताका लागि स्पष्ट एजेन्डा र तथ्यपरक प्रमाणहरू तयार पार्नुपर्छ । लिपुलेक, लिम्पियाधुरा र कालापानी जस्ता संवेदनशील मुद्दाहरूलाई उठाउँदा शान्तिपूर्ण र कूटनीतिक समाधानमा जोड दिनुपर्छ ।

साथै, भारत र चीन दुवैसँगको आर्थिक सहकार्यलाई कसरी अगाडि बढाउने भन्ने विषयमा पनि स्पष्ट खाका बनाउनु आवश्यक छ । एससीओ जस्तो ठूलो मञ्चमा उपस्थितिले नेपालको अन्तर्राष्ट्रिय पहिचानलाई मजबुत बनाउन सक्छ, जसले भविष्यमा नेपाललाई विश्व समुदायमा एक जिम्मेवार र प्रभावकारी राष्ट्रको रूपमा स्थापित गर्न मद्दत गर्नेछ । यसरी, यो सम्मेलन नेपालका लागि केवल एउटा साधारण सहभागिता मात्र नभई, आफ्नो राष्ट्रिय हितलाई सुरक्षित गर्ने र छिमेकीहरूसँगको सम्बन्धलाई सुदृढ पार्ने एउटा ऐतिहासिक अवसर हो ।

*(साभार: अनलाइनखबर)*

# लाइब्रेरियन-विहीन पुस्तकालय: अनिश्चित भविष्य

✍ विजय शर्मा

पुस्तकालय ज्ञानको भण्डार मात्र होइन, समाजलाई मार्गदर्शन गर्ने प्राज्ञिक केन्द्र हो । जहाँ ज्ञानका सामग्रीहरूको सङ्कलन, व्यवस्थापन, संरक्षण तथा सम्प्रेषण गरिन्छ । पुस्तकालयको सञ्चालन भनेको अत्यन्तै प्राविधिक कार्य हो, जसका लागि दक्ष पुस्तकालयकर्मी अपरिहार्य हुन्छ । पुस्तकालय भवन, स्तरीय फर्निचर वा समृद्ध संग्रह भए पनि पेसागत दक्षता नभएका कर्मचारीविना पुस्तकालयको उद्देश्य पूरा हुन सक्दैन । किनकि कर्मचारी नै पुस्तक र पाठकबीच मध्यस्थकर्ताको भूमिका निर्वाह गर्ने व्यक्तित्व हो । त्यसैले पुस्तकालयलाई डकुमेन्ट, पाठक र कर्मचारीको त्रिआयामिक संयोजनको रूपमा बुझ्न सकिन्छ । तर दु:खको कुरा नेपालीका अधिकांश पुस्तकालयहरू पेसागत दक्षता नभएका कर्मचारी वा स्वयंसेवकको भरमा जेनतेन चलिरहेका छन् ।

कर्मचारी व्यवस्थापनको मूल उद्देश्य केवल जनशक्ति व्यवस्थापन मात्र होइन, संस्थाको समग्र सेवा प्रभावकारिता वृद्धि गर्नु हो । पुस्तकालयमा वर्गीकरण, सूचीकरण, अभिलेखीकरण, सन्दर्भ सेवा, डिजिटल स्रोत व्यवस्थापनजस्ता कार्यहरू पूर्ण प्राविधिक प्रकृतिका हुन्छन् । यस्ता कामका लागि पुस्तकालय तथा सूचना विज्ञान विषयमा दक्षता, सीप र अनुभव भएका व्यावसायिक लाइब्रेरियन अपरिहार्य हुन्छन् । व्यावसायिक लाइब्रेरियनको सहयोगका लागि निश्चित समयको पुस्तकालय व्यवस्थापनसम्बन्धी तालिम प्राप्त अर्ध-व्यावसायिक र प्रशासनिक तथा सामान्य प्राविधिक कार्यहरू गर्नका लागि गैर-व्यावसायिक कर्मचारीहरू आवश्यक पर्छन् । विभिन्न तह र समूहका कर्मचारीहरूको सहकार्य र समन्वयबाट मात्र पुस्तकालय व्यवस्थितरूपमा सञ्चालन भई प्रभावकारी सेवा प्रवाह सम्भव हुन्छ ।

कर्मचारीहरूले सम्पादन गर्ने काम र त्यसका लागि आवश्यक योग्यताको मूल्याङ्कन गरी कर्मचारीको कार्य विश्लेषण गरिन्छ । कार्य विश्लेषणका आधारमा सम्बन्धित कर्मचारीहरूको कार्य विवरण तयार गरिन्छ, जसमा उनीहरूको जिम्मेवारी, अधिकार र उत्तरदायित्व स्पष्टरूपमा तोकिएको हुन्छ । कार्य विवरणको ढाँचामा सामान्यत: पदको नाम, कार्यको उद्देश्य, सम्पादन गर्नुपर्ने कामको संक्षिप्त विवरण, कर्तव्य तथा उत्तरदायित्व, आवश्यक योग्यता, सीप र अनुभव, सेवाका सर्तहरू, पारिश्रमिक, कार्य सम्पादन प्रक्रिया आदि स्पष्टरूपमा उल्लेख हुन्छ । यसले पुस्तकालयमा कार्यरत कर्मचारीहरूको तहगत जिम्मेवारीलाई स्पष्ट पार्दछ र संस्थागत कार्यसम्पादनलाई पारदर्शी तथा प्रभावकारी बनाउँछ ।

नेपालका पुस्तकालयमा कर्मचारी छनोटका फरक-फरक प्रणाली रहेका छन् । नेपाल सरकारका पुस्तकालयहरूमा लोक सेवा आयोगमार्फत लिखित, मौखिक र प्रयोगात्मक परीक्षा लिएर कर्मचारी छनोट गरिन्छ । विश्वविद्यालय तथा अन्य स्वायत्त संस्थाहरूले आफ्नै सेवा आयोगमार्फत कर्मचारी छनोट तथा सिफारिस गर्छन् । सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूले आफ्नै कार्यविधिअनुसार कर्मचारी भर्ना गर्ने गरेका छन् भने निजी पुस्तकालयहरूले कार्यसमिति वा सञ्चालकको निर्णयमा आधारित भएर नियुक्ति गरेका उदाहरण छन् । यसरी पुस्तकालयको प्रकार र संस्थागत संरचनाअनुसार कर्मचारी व्यवस्थापन फरक हुने देखिन्छ ।

पुस्तकालयको लक्ष्य, उद्देश्य, सङ्कलनको परिमाण, सेवाको प्रकार, दैनिक सेवा प्रवाह गर्ने समय आदिका आधारमा कर्मचारी संख्या निर्धारण गरिन्छ । पुस्तकालय विज्ञानका प्रणेता एस.आर. रङ्गनाथनले ६ हजार भोलुम पुस्तक छनोट, अर्डर र दर्ता गर्नका लागि एकजना कर्मचारीको आवश्यकता पर्ने उल्लेख गरेका छन् । त्यसै गरी एकजना कर्मचारीले वर्षमा २ हजार पुस्तकको प्राविधिक कार्य (सूचीकरण र वर्गीकरण) गर्न सक्छ । ५० जना पाठकहरूलाई रेफरेन्स सेवा दिनका लागि एकजना कर्मचारी हुनुपर्ने आधार तोकेका छन् । यद्यपि यो नियम सबै पुस्तकालयमा लागू हुन नसके पनि दरबन्दी सृजनाका लागि आधार मान्न सकिन्छ । नेपालमा भने यस्ता वैज्ञानिक आधारलाई बेवास्ता गरेर अनुमान र हचुवामा दरबन्दी तोक्ने प्रवृत्ति रहँदै आएको छ ।

नेपालका धेरै पुस्तकालयहरूमा व्यावसायिक लाइब्रेरियनको दरबन्दी नै छैन । नीति निर्माणकर्ताहरूले पुस्तकालयलाई पुस्तक राख्ने र फिर्ता गर्ने स्थानका रूपमा मात्र बुझ्ने प्रवृत्तिले व्यावसायिक कर्मचारीको महत्त्वलाई कमजोर पारेको छ । सरकारको दरबन्दी समायोजन नीतिअनुसार रहेका लाइब्रेरियनका पदहरू पनि अन्य प्रशासन समूहमा परिणत गरिँदा पुस्तकालय सेवा अझ ओझेलमा परेको छ । यद्यपि पुस्तकालयको प्रकार, सङ्कलन, प्रयोग, सेवा-सुविधा र खुल्ने समयलाई ध्यानमा राखी व्यावसायिकका साथै अन्य तह र समूहसहितको दरबन्दीको नियम बनाउनु वाञ्छनीय देखिन्छ ।

व्यावसायिक जनशक्ति उत्पादनका लागि त्रिभुवन विश्वविद्यालयले वि.सं. २०५२ बाट पुस्तकालय तथा सूचना विज्ञानमा उच्च शिक्षा शुरु गरेको हो । हालसम्म २५० भन्दा बढी विद्यार्थी यस विषयमा दीक्षित भएका छन् । नेपाल खुला विश्वविद्यालयले पनि डिप्लोमा र स्नातक तह सञ्चालन गरेको छ । तर, त्यहाँ पनि अध्ययन गर्ने विद्यार्थीको संख्या अत्यन्त न्यून रहेको छ । देशमा पर्याप्त मात्रामा दक्ष जनशक्ति उपलब्ध नभएको यथार्थलाई आत्मसात् गर्दै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को पाठ्यक्रममा आधारित तालिम कार्यक्रमहरू पनि सञ्चालनमा आएका छन् । हालसम्म नेपालमा पुस्तकालय तथा सूचना विज्ञान विषयमा दक्ष तथा अर्धदक्ष गरी करिब १५ सय जनशक्ति मात्र रहेको अनुमान गरिएको छ, जुन संख्या देशभरका पुस्तकालयहरूको मागको तुलनामा निकै न्यून रहेको स्पष्ट देखिन्छ ।

नेपालमा नीतिगतरूपमा विश्वविद्यालय देखि विद्यालय तहसम्म पुस्तकालयको आवश्यकता महसुस गरिएको छ । विश्वविद्यालय वा सो सरहका प्रतिष्ठानहरूको संख्या २० भन्दा बढी रहेका छन् भने उच्च शिक्षा अध्ययन गर्ने क्याम्पस तथा कलेजहरूको संख्या १५ सयभन्दा बढी छ । त्यसै गरी सरकारी तथा निजी विद्यालयहरूको संख्या ४० हजारभन्दा बढी रहेको पाइन्छ । यी सबै संस्थामा पुस्तकालय सञ्चालनका लागि पुस्तकालय पेसामा दक्षता हासिल गरेका जनशक्तिको आवश्यकता हुन्छ । तर दुर्भाग्य ! हाम्रो देशमा पुस्तकालयकर्मीहरूको संख्या अत्यन्त न्यून छ । कतिपय विश्वविद्यालयका पुस्तकालयहरूसमेत दक्ष पुस्तकालय पेसाकर्मीविना नै सञ्चालन भइरहेका छन् भन्ने यथार्थ हामीमाझ छ । आवश्यक जनशक्ति उपलब्ध नभएको कारणले होला, नेपालको पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिकाले सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरू स्वयंसेवकमार्फत सञ्चालन गर्ने परिकल्पना गरेको छ ।

नेपालको उच्च शिक्षाको मेरुदण्डका रूपमा रहेको त्रिभुवन विश्वविद्यालयअन्तर्गत सञ्चालित केन्द्रीय पुस्तकालयमा ९३ दरबन्दीमध्ये १९ जना व्यावसायिक लाइब्रेरियन दरबन्दी रहेको छ, जसमा ५ जना मात्र कार्यरत रहेको अवस्था छ । त्यसै गरी त्रिभुवन विश्वविद्यालय सम्पूर्ण निकायका पुस्तकालयमा ६० जनाभन्दा बढी व्यावसायिक लाइब्रेरियनको दरबन्दी रहे तापनि जम्मा २० जना मात्र कार्यरत रहेका छन् । सामुदायिक पुस्तकालयहरू स्वयंसेवक वा स्थानीय निकायको अस्थायी सहयोगमा जेनतेन सञ्चालन भइरहेका छन् भने अधिकांश क्याम्पस/कलेजका पुस्तकालयहरू दक्ष पुस्तकालयकर्मीभन्दा पनि परिवार वा आफन्तलाई रोजगारी दिने अभ्यासमै सञ्चालन हुँदै आइरहेका छन् । पुस्तकालय पेसामा सबैभन्दा बढी जनशक्ति खपत हुने त्रिभुवन विश्वविद्यालय नै हो । तर नियमितरूपमा विज्ञापन नखुल्ने, खुलेका विज्ञापनमा पनि विभिन्न कारण देखाई मुद्दा दर्ता हुनेजस्ता कारणले धेरै दरबन्दी खाली नै रहँदै आएका हुन् ।

*(साभार: न्यूज अफ नेपाल)*

# के नेपालले चीनको ‘सुरक्षा रणनीति’ मा समर्थन गरेको हो ?

काठमाडौं/प्रधानमन्त्री केपी शर्मा ओलीले लिपुलेकमा भारतसँग भएको सहमतिबारे चिनियाँ राष्ट्रपति सी चिनफिङसँग आपत्ति जनाएको विषयलाई लिएर यतिबेर उनको प्रशंसा भइरहेको छ । परराष्ट्रसचिव अमृतबहादुर राईले ‘ओलीले सुगौली सन्धि उदृत गर्दै नेपाली भूभाग प्रयोग गर्ने गरी भएको सम्झौता पालना नगरोस्’ भनेको उल्लेख गरेका छन् ।

तर, चिनियाँ विदेश मन्त्रालयले राष्ट्रपति सी र प्रधानमन्त्री ओलीको भेटबारे सार्वजनिक गरेको विवरणमा त्यो विषय उल्लेख छैन । बरु नेपालले चीनले अघि सारेको ग्लोबल सेक्युरिटी इनिसिएटिभ (जीएसआई) लाई समर्थन गरेको त्यसमा उल्लेख भएपछि यसमा चाहिँ प्रश्न उठ्न थालेको छ । चिनियाँ विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा ‘नेपाल चीनद्वारा प्रस्तावित ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ (जीडीआई), ग्लोबल सेक्युरिटी इनिसिएटिभ (जीएसआई) र ग्लोबल सिभिलाइजेसन इनिसिएटिभ (जीसीआई) लाई समर्थन गर्दछ’ भनिएको छ ।

भेटवार्ताका क्रममा प्रधानमन्त्री ओलीको जवाफबारे उल्लेख गर्ने क्रममा नेपाल ‘एक चीन नीति’मा प्रतिबद्ध रहेको भन्दै बेल्ट एण्ड रोड इनिसिएटिभको सन्दर्भमा सहकार्य अझ गहिरो बनाउने अपेक्षा गरेको समेत भनिएको छ । चिनियाँ पक्षले उल्लेख गरेको ग्लोबल सेक्युरिटी इनिसिएटिभ (जीएसआई) मा सहभागी हुने विषयलाई लिएर पहिल्यै नेपालमा विवाद भएको थियो ।

यो पटक पनि चिनियाँ पक्षको वक्तव्यमा उल्लेख भएपछि सत्तारुढ नेपाली कांग्रेसका प्रवक्ता समेत रहेका नेता प्रकाशशरण महतले सार्वजनिक प्रतिक्रिया दिँदै यसमा सहभागी हुन नहुने धारणा ल्याएका छन् । अमेरिकाले इन्डो प्यासिफक स्ट्र्याटिजी (आईपीएस), स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) जस्ता अवधारणा अघि बढाइरहेको पृष्ठभूमिमा चिनियाँ राष्ट्रपति सी



चिनफिङले ८ वैशाख २०७९ मा सुरक्षा रणनीति अन्तर्गत जीएसआई अवधारणा अघि बढाएका थिए ।

कूटनीतिक मामिलाका जानकारहरू अमेरिकी नेतृत्वमा रहेको आईपीएस, एसपीपी जस्ता सुरक्षा/रणनीतिक गठबन्धनका विकल्पमा बेइजिङले जीएसआई अवधारणा अघि बढाएको बताउँछन् । यद्यपि, चीनले यसलाई कुनै सुरक्षा गठबन्धन नभएको जिकिर गर्दै आएको छ । परराष्ट्र मामिला विज्ञ रुपक सापकोटाका अनुसार, चीनले पहिल्यैदेखि जीडीआई, जीएसआई र जीसीआई अवधारणामा नेपाललाई सहभागी गराउन प्रस्ताव राख्दै आएको थियो ।

‘नेपाल चीनको ग्लोबल डेभलपपमेन्ट इनिसिएटिभ (जीडीआई) मा पहिल्यै सहभागी भइसकेको छ, यसलाई यूएनको फ्रेमवर्कले पनि समर्थन गरिसकेको छ,’ उनले संचारकर्मीसँग भने, ‘ग्लोबल सिभिलाइजेसन इनिसिएटिभमा पनि नेपाल सहभागी हुने गरेको छ, तर त्यसको पक्षधर राष्ट्र भइसकेको छैन ।’ जीएसआईको सन्दर्भमा चाहिँ नेपालले अहिलेसम्म अवधारणा बनाइनसकेको उल्लेख गर्दै चिनियाँ पक्षाको विज्ञप्तिमा समावेश भएको विषयमा थप स्पष्ट हुनुपर्ने स्थिति देखिएको सापकोटा बताउँछन् ।

‘विगतमा पनि यो विषय उठेको थियो, त्यसबेला यसको अन्तर वस्तुमा धेरै विमति नभएपनि हाम्रो कूटनीति असंलग्न परराष्ट्र नीतिका आधारमा सञ्चालन हुँदै आएकाले अहिले सहभागी हुँदैनौ भन्दै आएका थियौं,’ उनले थपे, ‘त्यसैले चीनले एकपक्षीय रुपमा आफ्नो धारणा प्रस्तुत गरेको हो कि के हो स्पष्ट हुनुपर्ने विषय छ ।’ चीनको विदेश मन्त्रालयले २१ फेब्रुअरी २०२३ मा सार्वजनिक गरेको ‘द ग्लोबल सेक्युरिटी इनिसिएटिभको कन्सेप्ट पेपर’मा यसको उद्देश्य अन्तर्राष्ट्रिय द्वन्द्वका कारणलाई निराकरण गर्ने, अस्थिरता हटाउने र संयुक्त अन्तर्राष्ट्रिय प्रयासहरूलाई प्रोत्साहन गर्ने भनिएको छ । त्यही विषयलाई जोडेर यो अवधारणालाई चीनले अघि सारेको एउटा सुरक्षा गठबन्धन बनाउने प्रयासका रुपमा विश्लेषण गरिन्छ ।

‘अहिले जीएसआईसँग जोडिने हो भने भोलि भारत वा अमेरिकाले अर्को कुनै अवधारणा लिएर आउँदा त्यसलाई समर्थन गर्ने कि नगर्ने ? भन्ने प्रश्न उठ्छ,’ दक्षिण एसियाको रणनीतिक मामिलाका जानकार एवं नेपाली सेनाका अवकाश प्राप्त उपरथी विनोज बस्न्यात भन्छन्, ‘त्यसले यो वृहत छलफलविना सम्भव नहुने विषय हो ।’ तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले २०८० सालमा गरेको चीन भ्रमणका बेला समेत बेइजिङमा नेपाली पक्षलाई जीएसआई सम्झौता गर्न दबाब दिइएको थियो । तर, त्यसबेला सामरिक प्रकृतिको सम्झौता गर्ने आफ्नो देशको नीति नरहेको जवाफ नेपाली पक्षले दिएको जानकारहरू बताउँछन् ।

चीनले ५ असोज २०७९ मा आयोजना गरेको जीएसआई सम्बन्धी कार्यक्रममा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले भिडियो सम्बोधन गर्दा समेत विवाद भएको थियो । अर्थात्, कुनै पनि सुरक्षा गठनबन्धनमा नबस्ने असंलग्न पर राष्ट्र नीतिलाई उल्लेख गर्दै नेपालले विगतमा पटकपटक यो विषयलाई पन्छाउँदै आएको थियो । ‘अहिले चीन र अमेरिकाको दुस्मनीका बीचमा विश्व दुईवटा ब्लकमा विभाजित हुने स्थितिमा छ, त्यस्तोमा विश्वव्यापी गभर्नेन्स गर्न चीनले अघि सारेको एउटा परियोजना बीआरआई हो, दोस्रो ग्लोबल सेक्युरिटी इनिसिएटिभ अनि डेभलपमेन्ट र सिभिलाइजेसन इनिसिएटिभ हो,’ बस्न्यातले संचारकर्मीसँग भने, ‘यस्तोमा नेपालले त्यसको समर्थन गर्छु भनेको अवस्थामा मुख्यत: दुईवटा प्रश्न उठ्छ ।’

उनको बुझाइमा, नेपालको भूराजनीतिक पोजिसन परिवर्तन हुने स्थितिमा पुगेर नेपालले चीनको ब्लकमा जान्छु भनेको हो ? भन्ने पहिलो प्रश्न हो । किनभने, अमेरिका लगायतका प्रजातान्त्रिक मुलुकहरूले जी-२० सम्मेलनमार्फत इण्डियन मिडल इस्ट इकोनोमिक करिडोर (आईएमईसी) जस्ता प्रस्तावहरू अघि सारेका छन् । अमेरिकाले पनि एसपीपी साझेदारीमा जोडिन नेपाललाई पटकपटक प्रस्ताव गर्दै आएको छ । इन्डोप्यासिफिक रणनीतिक अन्तर्गत रहने गरी अमेरिकाले अघि सारेको एसपीपी अवधारणामा शेरबहादुर देउवा प्रधानमन्त्री भएका बेला नेपालले हस्ताक्षर गर्न लागेको थियो । अमेरिकाले नेपाली सेना, सरकार र राष्ट्रपति कार्यालयलाई छुट्टाछुट्टै खाका बुझाएपछि सम्झौतामा हस्ताक्षर हुन लागेको थियो ।

तर, व्यापक विरोधपछि असंलग्न परराष्ट्र नीतिलाई उल्लेख गर्दै एसपीपी सम्झौताबाट तत्कालीन प्रधानमन्त्री देउवा पछि हटेका थिए । ‘यस्तोमा दोस्रो प्रश्न चाहिँ प्रधानमन्त्री ओलीले सबै दलको समर्थन भएर चीनको यो जीएसआईलाई समर्थन गरेको हो वा प्रधानमन्त्रीको दल एमालेको परराष्ट्र नीतिमा पर्ने भएकाले यो विषय भएको हो ? भन्ने प्रश्न उठ्छ,’ उपरथी बस्न्यात भन्छन्, ‘नभए नेपालको राष्ट्रिय हित र स्वार्थका लागि के ठिक हुन्छ भनेर राष्ट्रिय सहमतिपछि मात्र केलाई समर्थन गर्ने केलाई नगर्ने भन्ने निर्क्यौल गर्नुपर्छ ।’

उनले नेपाल शक्ति राष्ट्रहरूको रणनीतिक ट्र्यापमा पर्नबाट जोगिनुपर्ने समेत बताए । सुरक्षा मामिलाका जानकार समेत रहेका एमाले नेता एवं पूर्वसांसद् दिपकप्रकाश भट्ट चाहिँ चिनियाँ पक्षको विज्ञप्तिमा समर्थन गर्छ भन्ने विषय मात्र आएकाले यसमा स्पष्ट हुनुपर्ने विषयहरु बाँकी नै रहेको बताउँछन् । ‘यसलाई दीर्घकालीन रुपमा कसरी लान खोजिएको हो ? जीएसआई नै खासमा आफैंमा के हो भन्ने स्पष्ट पार्नुपर्ने स्थिति छ,’ उनी भन्छन्, ‘अझ पहिले यसमा नेपाली पक्षबाटै धारणा आएपछि मात्र बताउन सकिएला ।’ पाँच दिने भ्रमणका लागि काठमाडौंबाट गएकै दिन शनिबार ओलीले चिनियाँ राष्ट्रपति सीलाई भेट गरेका थिए । आइतबार बेलुकी आयोजित रात्रिभोजमा उनको भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग समेत संक्षिप्त भेट भएको छ ।

*(स्रोतः अनलाइनखबर)*

# एक दशकको प्रयासपछि साउदी अरेबियासँग श्रम सम्झौता हुँदै

काठमाडौं/नेपाली श्रमिकहरूको प्रमुख श्रम गन्तव्य मुलुक साउदी अरेबियासँग श्रम समझदारी हुने भएको छ । एक दशक भन्दा लामो समयदेखिको प्रयासपछि साउदीसँग श्रम समझदारीपत्रमा हस्ताक्षर गर्न लागिएको हो । शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले समझदारी पत्रमा हस्ताक्षर गर्न स्वीकृति प्रदान गरेको थियो । अब छिट्टै दुई देशबीच समझदारी पत्रमा हस्ताक्षर हुने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ ।

नेपालले २०७० सालदेखि साउदीसँग श्रम सम्झौता गर्ने प्रयास गर्दै आएको थियो । सम्झौताका लागि पटक पटक सम्झौताको मस्यौदा तयार पारिएको थियो । तर, अन्तिममा आएर साउदी अरेबिया नै सम्झौता गर्नबाट पछि हट्दै आएको थियो । मन्त्रालयका एक अधिकारीहरूले साउदी अरेबियासँग हुने समझदारी सुरुवाती चरणको सामान्य किसिमको सम्झौता हुने बताए । ‘यो कुनै विशिष्ट सम्झौता होइन, बरु एउटा ठूलो फ्रेमवर्क हो । यसअन्तर्गत भविष्यमा डोमेस्टिक वर्कर, स्किल्ड म्यानपावर, स्किल भेरिफिकेसन लगायतका विषयहरू विस्तार गर्न सकिनेछ,’ मन्त्रालयका ती अधिकारीले भने ।

लामो समय साउदीको कडाइ र नेपालकै समन्वय कमजोरीका कारण समझदारी अघि बढ्न सकेको थिएन । समझदारीपछि प्राविधिक समिति (ज्वाइन्ट टेक्निकल कमिटी) बनेर श्रमिकसम्बन्धी विषयहरू औपचारिक रूपमा उठ्ने मन्त्रालयको बुझाइ छ ।

मन्त्रालयका प्रवक्ता डण्डुराज घिमिरेले यस समझदारीमा दक्ष कामदार (स्किल्ड म्यानपावर) लाई प्राथमिकता दिइएको बताए । ‘साउदीले यहाँबाटै दक्ष जनशक्ति लैजानका लागि आधार तयार गर्न सहयोग गर्ने प्रतिबद्धता जनाएको छ । १० लाख अमेरिकी डलर सहयोग गरेर प्रशिक्षण एकेडेमी



बनाउने घोषणा समेत गरिसकेको छ जुन अघि बढिरहेको छ,’ प्रवक्ता घिमिरेले भने ।

समझदारीमा श्रमिकका हकहितसम्बन्धी महत्त्वपूर्ण विषयहरू समावेश गरिएको मन्त्रालयले जानकारी दिएको छ । ‘हामीले न्यूनतम तलब तथा बीमा अनिवार्य गर्ने, मेडिकल सुविधा र सामाजिक सुरक्षा जस्ता विषयहरूमा जोड दिएका छौं । साउदी अरेबिया पनि यसमा सहमत भएको छ,’ घिमिरेले भने । अहिले साउदी अरेबियामा चार लाखभन्दा बढी नेपाली काम गरिरहेका छन् । तर, श्रम सम्झौता नहुँदा उनीहरूले पाउने सुविधा कम्पनी वा व्यक्तिगत सम्झौतामा भर पर्नुपरेको अवस्था थियो । सम्झौतापछि भने श्रमिकका अधिकारहरू कानुनी रूपमा सुनिश्चित हुने प्रवक्ता घिमिरेको भनाइ छ ।

साउदी अरेबियाले नेपालबाट दक्ष कामदार लिने विषयमा जोड दिँदै आएको छ । त्यसका लागि उसले नेपालमै तालिम प्रदान गर्ने र सोही आधारमा कामदार लैजाने योजना अघि बढाएको हो । त्यसका लागि मधेश प्रदेशमा १० लाख डलर बराबरको प्रशिक्षण एकेडेमी बनाउन सहयोग गरेको प्रवक्ता घिमिरेले बताए । त्यस्तै, नेपालले साउदी अरेबिया गएका श्रमिकहरूको सामाजिक सुरक्षाको संरक्षढामा समेत जोड दिएको छ । ‘साउदीका नागरिकले जुन तरिकाले तलब दिन्छौं, त्यो हाम्रालाई प्रबन्ध गर्नुपर्छ भनेका छौं,’ प्रवक्ता घिमिरेले भने, ‘दक्ष कामदारको प्रबन्ध गरेर पठाउने व्यवस्था, ट्रेनिङ दिएर पठाउने व्यवस्थाका कुराहरूमा जोड दिएका छौं ।’

सन् २०३४ मा हुने फिफा विश्वकप फुटबललाई ध्यानमा राख्दै साउदी अरेबियामा ठूलो मात्रामा श्रमिक आवश्यक पर्ने अनुमान गरिएको छ । यसलाई नेपालले सम्भावना भएको अवसरका रूपमा लिएको छ । साउदी सरकारसँग श्रम समझदारीपत्र नभएको हुँदा साउदीमा काम गर्ने श्रमिकको हक हित र सुरक्षाका समस्या समाधान गर्न नेपाललाई अफ्ठ्यारो रहँदै आएको थियो ।

‘लाखौं नेपाली वैदेशिक रोजगारीमा जाने प्रमुख गन्तव्य मुलुक रहेको साउदीसँग श्रम समझदारीपत्र गर्न बाटो खुलेको छ,’ श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरद् सिंह भण्डारीले भने । नेपालको श्रम आप्रवासन नीति, २०८२ ले श्रमिकको न्यूनतम मानव अधिकारको संरक्षण गर्ने नीति लिएकोले सरकारले गर्ने सबै श्रम सम्झौता या समझदारीपत्रमा नेपाली श्रमिकको आवश्यकता र मानवाधिकारले प्राथमिकता पाउने मन्त्री भण्डारीले बताए ।

विगतमा कफाला प्रणालीको प्रयोग गर्दै आएको साउदी अरेबियामा विदेशी श्रमिकलाई हेर्ने नीतिमा परिवर्तन ल्याएको छ । साउदीले २०२१ मार्चमा कफाला प्रणालीमा सुधार गरिसकेको छ भने श्रम ऐनमा परिवर्तन गरी न्यूनतम तलब तथा सेवा सुविधामा समेत सुधार गरेको छ । नेपाली श्रमिकहरूको संरक्षण, सुरक्षित रोजगारी र श्रम शोषणलाई नेपाल सरकारले गम्भीर तवरले विश्लेषण गर्ने श्रम सचिव डा. कृष्णहरि पुष्करको भनाइ छ ।

मन्त्रालयले विगतमा भएका श्रम समझदारीपत्रहरुको विश्लेषण गर्दै न्यूनतम मानव अधिकारको आगामी द्विपक्षीय छलफलमा प्राथमिकताका साथ उठान गर्ने बताउदै सचिव डा. पुष्करले ‘श्रमिक पठाउने मुलुकहरुले न्यूनतम मानवाधिकारको विषयमा नेपाल सरकारले शुन्य सहनशिलता अपनाउने’ बताए । विगतमा कतारले आयोजना गरेको विश्वकपमा श्रमिकको शोषण गरेको विषय अन्तर्राष्ट्रियकरण भएको थियो । समझदारीपत्रले दुवै देशका सरकारबीच समन्वयात्मक संयन्त्र स्थापना हुने मन्त्रालयको बुझाइ छ ।

**घरेलु कामदारको साउदी अरेबियाको जोड** :

२०८१ को माघमा श्रममन्त्री भण्डारी र साउदी समकक्षी अहमद विन सलेमन विनबीच रियादमा भेटवार्ता भएको थियो । सो भेटका क्रममा द्विपक्षीय श्रम सम्झौतामा हस्ताक्षर गर्ने सहमति भएको थियो ।

अन्तिम मस्यौदालाई दुवै पक्षले कानुनी प्रक्रिया पूरा भएपछि सम्झौतामा हस्ताक्षर गर्ने मिति टुंगो लगाउने बताएका थिए । त्यो बेला साउदीले नेपालसमक्ष घरेलु कामदार, साधारण कामदार, सीप प्रमाणीकरण कार्यक्रमसँग सम्बद्ध सम्झौता गर्ने प्रस्ताव गरेको थियो ।

साउदीले आफुहरूलाई घरेलु श्रमिक आवश्यक रहेको बताउँदै नेपालबाट पठाउने वातावरण बनाउन अनुरोध गर्दै आएको छ । मन्त्री भण्डारीसँगको भेटमा समेत साउदी पक्षले घरेलु कामदारको विषय जोडदार रूपमा उठान गरेको थियो । नेपाल जवाफमा नेपालमा हाल घरेलु कामदार पठाउन प्रतिबन्ध लागेको प्रष्ट पारेको थियो । घरेलु श्रमिक लैजाने विषयमा समेत छुट्टै सम्झौता गर्न साउदीको प्रस्ताव थियो । घरेलु श्रमिकका विषयमा नेपाल सरकारले राखेका सर्त सबै पूरा गर्न तयार रहेको साउदी पक्षको भनाई थियो ।

साउदीमा हाल श्रमिकहरूले न्यूनतम तलब नपाएको, करारपत्र फेरबदल गर्ने गरेको, कम्पनीले घर जान नदिएको, उपचारमा लापरवाही गर्ने गरेको जस्ता समस्या लिएर दूतावास तथा वैदेशिक रोजगार विभागमा उजुरी दिने गरेका छन् । वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार गत वर्ष आर्थिक वर्ष २०८१/८२ मा एक लाख ५२ हजार ५५७ जनाले साउदीका लागि श्रम स्वीकृति (पुन: श्रम स्वीकृति सहित) लिएका थिए । भने अघिल्लो आर्थिक वर्ष २०८०/०८१ मा एक लाख ४१ हजार ५०२ जनाले श्रम स्वीकृति (पुन: श्रम स्वीकृतिसहित) लिएर साउदी गएका थिए ।

*(स्रोतः अनलाइनखबर)*

# कार्यकर्तालाई अनुशासनमा बस्न कांग्रेस मकवानपुरको आग्रह




साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/ नेपाली कांग्रेस मकवानपुरले आम नागरिकमा नकारात्मक धारणा बढेको भन्दै आफ्ना कार्यकर्तालाई अनुशासनमा बस्न आग्रह गरेको छ ।

आइतबार हेटौंडामा आयोजित तहगत सभापतिहरुको विशेष पुनर्ताजगी कार्यक्रममा नेपाली कांग्रेस बागमती प्रदेश सभापति एवम् मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले पार्टी भित्रको आन्तरिक विषयमा कार्यकर्ताले सामाजिक सञ्जाल र सार्वजनिक स्थलमा अनावश्यक टिकाटिप्पणी गर्दा पार्टीप्रति आमनागरिकमा नकारात्मक धारणाको विकास भइरहेको भन्दै कार्यकर्तालाई अनुशासनमा बस्न निर्देशन दिए । ‘अहिले कांग्रेस पार्टीभित्र र बाहिर विभिन्न विषयमा अनुशासनका प्रश्न उठिरहेका छन् । हरेक पार्टीभित्र आन्तरिक चुनौती स्पष्टरुपमा देखिएका छन् । तर, हाम्रो पार्टीको नेतृत्व तहमा रहेकाबाटै गैरजिम्मेवार अभिव्यक्ति र अनुशासनहित क्रियाकलाप हुँदा समस्या भइरहेको छ’, बानियाँले कांग्रेसको गौरवमय इतिहास राणा शासनको अन्त्यदेखि लोकतान्त्रिक गणतन्त्र स्थापनासम्मका आन्दोलनसँग जोडिएको बताए ।

नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाको सभाध्यक्षतामा भएको कार्यक्रममा नेपाली कांग्रेस मकवानपुरका उपाध्यक्ष धर्मराज लामिछानेले स्वागत मन्तव्य व्यक्त गरेका थिए । कांग्रेस जिल्ला सचिव भीमसेन महतले क्रियाशील सदस्यताको वितरण, सचिव इश्वर पाठकले तरुण दलको निर्वाचन, सहसचिव इन्दिरा न्यौपानेले महिला संघको निर्वाचनको विषयमा धारणा राखेका थिए । कार्यक्रममा नेपाली कांग्रेस मकवानपुरका अनुशासन विभाग संयोजक प्रभातकुमार दाहालले कांग्रेस लामो विरासत बोकेको सबैभन्दा ठूलो प्रजातान्त्रिक पार्टी भएको बताए । ‘पार्टीभित्र स्वस्थ्य बहस गर्न पाइन्छ तर, अराजक हुन पाइन्न,’ दाहालले पार्टीको मर्यादा र गरिमा कायम राख्न जोड दिए ।

दाहालले अनुशासनहीनताका साथै युवाको घट्दो आकर्षण पनि कांग्रेसका लागि अर्को ठूलो चुनौती बनेको बताए । युवालाई पार्टीका काममा सक्रिय हुन नेता दाहालले आग्रह गर्दै कांग्रेसको नेतृत्वमा मात्रै देशले आर्थिक र सामाजिकरुपमा समृद्धि हासिल गर्ने बताए ।

# मनपरी ढंगले बाटो नक्सांकन गरिएकोप्रति कार्यालय प्रमुखको ध्यानाकर्षण

साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/ मकवानपुरको मनहरी गाउँपालिका-१ मा मनपरी ढंगले बाटो नक्सांकन गरिएको प्रति कार्यालयप्रमुखको ध्यानाकर्षण गराइएको छ ।

आइतबार मनहरी गाउँपालिका-१ कार्यालयप्रमुख र सम्पूर्ण टोल विकाससमितिका प्रतिनिधिलाई वडाका नागरिकले ध्यानाकर्षणपत्र बुझाएका हुन् । प्रभावित नागरिकले मनपरी र अदूरदर्शी ढंगले काम भइरहेको भन्दै ध्यानाकर्षण पत्रमार्फत तत्काल सुधारको माग गरेका छन् । ध्यानाकर्षणपत्रमा उल्लेख भएअनुसार नक्सांकनका कारण धेरै घरपरिवारको जमिन काटिएको छ भने, कतिपय स्थानीयलाई घर भत्काउनुपर्ने समस्या आइपरेको छ । जसले जनजीवन अस्तव्यस्त बनाएको स्थानीयको गुनासो छ ।



ध्यानाकर्षणपत्रमा ‘जसको जमिन बाटोमा परेको छ, तिनको सहमति किन लिइएन ? विवाद हुँदा टोल विकास समिति र जनप्रतिनिधिको सल्लाहविना बाटो प्रयोग गर्ने अधिकार कसरी दिइयो ? फिल्डमा काम गर्दा जनतालाई जानकारी किन दिइएन ? प्रभावित जनतालाई अन्धकारमा राखेर नक्सांकन किन अघि बढाइयो ?’ लगायत प्रश्न प्रभावित नागरिकले उठाएका छन् । स्थानीयले तत्काल नक्सांकन प्रक्रिया पुन: मूल्यांकन गर्न, प्रभावित जनताको सहमति लिएरमात्र कार्य अघि बढाउन, मनपरी र अदूरदर्शी योजना तत्काल सच्याउन र जनप्रतिनिधि तथा समितिका पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा गर्न माग गरेका छन् ।

यदि ७ दिनभित्र माग सम्बोधन नभएमा वडाभरिका जनतालाई भेला बोलाई सामूहिक आन्दोलनमा जाने चेतावनी स्थानीयले दिएका छन् । ‘हामीले बाटो नदिने भनेका होइनौं, दिगो विकास चाहेका हौं । जबरजस्ती गर्ने हो भने जनताको प्रश्नमात्र होइन, प्रतिरोधको चर्को स्वर पनि आउनेछ’ ध्यानाकर्षण पत्रमा उल्लेख छ ।

# लायन्स क्लव डिस्ट्रीक्ट ३२५ ‘एस’ को निर्वाचन गैरकानूनी

साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/ लायन्स ईन्टरनेशनल डिस्ट्रीक्ट ३२५ ‘एस’ नेपालको रिक्त सेकेन्ड भाइस डिस्ट्रिक्ट गभर्नर पदको निर्वाचन गैरकानूनी भएको आरोप लगाइएको छ । निर्वाचनबाट लायन जीबछप्रसाद यादव (जेपी) निर्विरोध निर्वाचित भएको भनिएको छ ।

गत वैशाख ६ गतेको निर्वाचनबाट दोस्रो भाइस डिस्ट्रीक्ट गभर्नरमा विजयी लायन्स सुर्दशन प्रसाद अधिकारीको निधन भएपछि रिक्त भएको पदमा उमेद्वारी दिएकी अंकिता सुमार्गीले निर्वाचन क्लवको विधानबिपरीत भएको बताएकी छन् । सुमार्गीले आइतबार साँझ बिज्ञप्ती जारी गर्दै एकपक्षीय रुपमा भएको विधानबिपरीतको निर्वाचनप्रति आपत्ती ब्यक्त गरेकी छन् । यो पदका लागि यादवसँगै र लायन्स क्लब अफ हेटौंडा भुटनदेवी बजारकी लायन्स रजनी तिवारीले पनि मनोनयन दर्ता गरेकी थिइन् । तर, तिवारीले उम्मेदवारी फिर्ता लिएको बताइएको छ ।

भदौ १३ गते लायन्स क्लब हेटौंडा डिभाइनका अध्यक्ष अरुणराज सुमार्गीको संयोजकत्वमा निर्वाचन समिति गठन गरिएको थियो । तर, यो समितिले भदौ १६ गते बिहान ७:३० बजे प्रक्रिया अघि बढाउने निर्णय गरेपछि क्लब अध्यक्षहरुबीच असन्तोष चुलिएको बताइएको छ । भदौ १४ गते आकस्मिक बैठक बसेर लायन्स क्लब हेटौंडाका पूर्वअध्यक्ष तथा हालका जोन चेयर पर्सन लायन हरिवंश भेटवालको संयोजकत्वमा ३ सदस्यीय निर्वाचन समिति गठन गरियो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### विविध क्षेत्रका सरोकारवालाले समस्याबारे सांसद्‌लाई अवगत गराए

# जनअपेक्षाअनुसारको काम गर्न नसकेको स्वीकार

साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/ बागमती प्रदेशसभाका सांसदसमक्ष विभिन्नक्षेत्रका सरोकारवालाले आफ्ना क्षेत्रका विविधि समस्या राखेका छन् ।

जनपत्र मिडिया प्रालि हेटौंडा-२ को आयोजना तथा संसद सहयोग परियोजना संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) को सहकार्यमा संसदीय निगरानीका लागि बागमती प्रदेशका विभिन्न सवालको पहिचानसम्वन्धी कार्यशालामा उनीहरुले आफ्ना समस्या राखेका हुन् । प्रदेशका सांसदमार्फत सरकारसमक्ष समस्या राखुन् भन्ने उद्देस्यले यहाँका अधिकारकर्मी, नागरिकसमाज, गैर सरकारी संस्था, सामुदायिक वन, टोल विकास संस्था, सञ्चारकर्मीले समस्या सांसदसमक्ष राखेका छन् ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेशका संस्थापक अध्यक्ष प्रताप विष्टले बागमती प्रदेश सरकारका स्थायी संरचना नबन्दा नागरिकले समस्या व्यहोरीरहेको बताए । आठ वर्षको अवधिमा पनि अस्थायी संरचनाबाट काम गर्ने र अस्थायी संरचना निर्माण गर्नका लागि करोडौ रुपैयाँ खर्च गर्ने परिपाटी राम्रो नभएको उनले बताए । पारिवारिक निजी वन केन्द्रीय महासचिव आरती पाठकले वनमा आधारित रहेर उद्याम गर्ने नागरिकलाई प्रदेश सरकारले सहयोग गर्नुपर्ने बताइन् । नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीले प्रदेश सरकारले नागरिकका लागि भन्दा पनि आफ्ना स्वार्थका कानून निर्माण गरिरहेको बताए ।



गैरसरकारी संस्था महासंघ मकवानपुरका अध्यक्ष रमिला सापकोटाले गैसरकारी संस्थालाई उपेक्षा गर्नेगरी सरकारले कानून निर्माण गरेकोमा विरोध गरिन् । राष्ट्रिय अपाङ्ग महासंघ मकवानपुरका अध्यक्ष गणेशचन्द्र दवाडीले सरकारले आफ्ना समस्या नसुनेकोले अब सांसदहरुले पनि आवाज उठाइदिन आग्रह गरे । कार्यक्रमको प्रमुख अतिथि उद्योग, पर्यटन, वन तथा वातावरण समितिका सभापति आनन्द कुमार श्रेष्ठले नागरिकका पहुँचका आधारमा नभई आवस्यक्ताका आधारमा सरकारले काम गर्नुपर्ने बताए ।

सदनमा रहुन्जेलसम्म आफूहरुले जनताका विषयलाई उठान गर्ने गरेको बताउँदै उनले भने, 'जनताबाट नै निर्वाचित भएर आएकाले उनीहरुकै लागि हामीले काम गर्ने हो । सरकारका प्रतिनिधि समितिमा राखेर छलफल गर्ने निर्देशन दिने गरिएको तर, त्यसअनुसार काम हुन सकेको छैन ।' जनताले अपेक्षा गरेअनुसार काम गर्न नसकेको उनले स्वीकार गरे । उनले भने-'जनताका यावत समस्या छन् । हामीले सदनमा उठाएका पनि छौ । तर, सरकारले कार्यान्यिन गर्दैन । सुन्य समय, बिशेष समयमा बोल्ने क्रममा नागकरिकका समस्या उठाउने गरिएको छ ।'

बागमती प्रदेशसभाका सदस्य भारती पाठकले आजको कार्यक्रम कुनै एउटा विषयमा मात्र केन्द्रित नभएर समग्रमा सबै क्षेत्रका मुद्दा र समस्या वास्तविक धरातलमा केकस्ता छन् भन्ने सन्दर्भलाई प्रतिनिधिमूलक ढंगबाट प्रस्तुत गरिएको बताइन् । उनले भनिन्-'हामीले यसअघि पनि विपद् व्यवस्थापनसम्बन्धी मुद्दाबारे स्थलगत रुपमै छलफल चलाएका थियौं र ती विषयलाई सदनमा उठान पनि गरेका थियौं । कार्यक्रमबाट हामीले महत्वपूर्ण पृष्ठपोषण प्राप्त गरेका छौं । मलाई लाग्छ, प्रदेश सरकारले काम गर्दै जाँदा सबै कुरा पूर्ण भइसकेको छ भन्ने होइन । हामीले अझै धेरै कुरा सुन्नुपर्ने, धेरै विषयमा आफैंले आयोजना गरेर अन्तरक्रिया गर्नुपर्ने र मुद्दा उठाउनुपर्ने आवश्यकता छ ।'

महिला, दलित, आदिवासी जनजाति र अपाङ्गता भएका व्यक्ति सबैको अधिकार र कर्तव्यको विषयमा मुद्दा उठाउन पछि नपर्ने सांसद् पाठकले प्रतिबद्धता व्यक्त गरिन् । बागमती प्रदेशसभा सदस्य धनेश्वरी प्रजापतिले पार्टीभित्र गुटबन्दी, दलभित्र उपगुटबन्दी र एकले अर्काको खेदो खन्ने प्रवृत्तिले गर्दा नागरिकका विषयमा चासो कम गएको बताइन् ।

उनले भनिन्-'जबसम्म हामी यसरी लाग्न सक्दैनौं, तबसम्म हामीले ल्याएको बजेट, नीति र कानुनको कार्यान्वयन राम्रोसँग हुन सक्दैन । मलाई जनताले प्रश्न गर्छन्, 'तपाईं माननीय होइन ? तपाईंले के काम गर्नुभयो ?' मसँग उहाँहरुलाई सन्तुष्ट पार्ने जवाफ छैन । तैपनि म खुलेरै भन्छु, म समानुपातिक सांसद हुँ, मलाई त्यति धेरै बजेट दिइँदैन । ५०-६० लाख बजेट दिइन्छ, त्यो बजेट पनि निकै धाएर बल्लतल्ल ल्याउनुपर्ने अवस्था छ । जहाँ हेर्‍यो, त्यहाँ बिचौलियाको राज छ, न्याय पाउनै मुस्किल छ ।'

कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाई, हिमराइट्स मकवानपुरका कार्यक्रम संयोजक कुमारी वाइबा, मकवानपुर महिला समूहका अध्यक्ष कमला सुवेदी, एकल महिला समूह मकवानपुरका अध्यक्ष शारदा चौलागाई (बन्जरा), टोल विकास संस्था नगरसमन्वय समिति हेटौंडा उपमहानगरका सचिव चन्द्रावती पनेरु लगायतले आफ्ना क्षेत्रका बिबिध समस्या राखेका थिए । कार्यक्रममा मकवानपुरका बिभिन्न सामाजिक संघसंस्थामा आवद्ध प्रतिनिधि लगायतको सहभागिता रहेको थियो ।

# शिक्षा विधेयक पुनर्विचार गर्न राष्ट्रपतिसमक्ष एन प्याब्सनको माग



साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/ विद्यालय शिक्षा विधेयकमा रहेको केही प्रावधान संशोधन गर्नुपर्ने माग राख्दै राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (नेशनल प्याब्सन) का पदाधिकारीले आइतबार राष्ट्रपति रामचन्द्र पौडेललाई भेट गरी लिखित धारणा बुझाएका छन् ।

शीतल निवासमा भएको भेटमा नेशनल प्याब्सन पदाधिकारीले छात्रवृत्ति, पूर्वप्राथमिक तह, सामाजिक सुरक्षा कोष तथा कम्पनीमा दर्ता भएर सञ्चालनमा रहेका संस्थागत विद्यालयसम्बन्धी प्रावधान व्यवहारिक नभएको भन्दै पुनर्विचार आवश्यक रहेको बताएका हुन् । पूर्णछात्रवृत्ति उपलब्ध गराउने व्यवस्था लागू भए शुल्कवृद्धि भई श्रमजीवी अभिभावकलाई थप बोझ पर्ने र मध्यम आय भएका परिवारका बालबालिकाले विद्यालय छोड्नुपर्ने अवस्था सिर्जना हुने तर्कसहित प्रावधान पुन: परिमार्जन गर्नुपर्ने धारणा नेसनल प्याब्सनले प्रस्तुत गरेको हो ।

पूर्वप्राथमिक तहलाई दुई वर्षमा सीमित गर्ने व्यवस्था अन्तर्राष्ट्रिय मान्यताविपरीत भएको भन्दै यसलाई तीनवर्ष कायम गर्नुपर्नेमा जोड दिइएको थियो । सामाजिक सुरक्षा कोषमा सबै विद्यालयलाई अनिवार्य सहभागी गराउने प्रावधान व्यवहारिक नभएकाले यसलाई ऐच्छिक बनाउनुपर्ने सुझाव पेस गरिएको थियो । कम्पनीमा दर्ता भई सञ्चालनमा रहेका विद्यालयलाई निरन्तरता दिनुपर्ने, तहगत अनुमति दिने व्यवस्था मिलाउनुपर्ने, शिक्षक तलबभत्तामा विद्यमान ६०/४० को प्रणाली निरन्तरता दिनुपर्ने तथा छात्रवृत्ति वितरण गर्दा शुल्कमा प्रत्यक्ष असर नपर्ने व्यवस्था गर्नुपर्ने माग पनि राखिएको थियो ।

यस अवसरमा नेशनल प्याब्सनले कृत्रिम बुद्धिमत्ता जस्ता विषयलाई विद्यालय तहमै समावेश गरी नेपाललाई शैक्षिक हबकारुपमा विकास गर्नुपर्ने दृष्टिकोण पनि राष्ट्रपतिसमक्ष प्रस्तुत गरेको थियो । यसअघि, शिक्षा विधेयकका जटिल प्रावधान र सामाजिक सुरक्षा कोषसम्बन्धी विषयमा नेसनल प्याब्सन पदाधिकारीले सम्बन्धित मन्त्री रघुजी पन्त र शरदसिंह भण्डारीलाई भेटी लिखित सुझाव बुझाएका थिए ।

मन्त्रीहरुले सकारात्मक प्रतिबद्धता व्यक्त गरेको कुरा पनि राष्ट्रपतिलाई जानकारी गराइएको थियो । नेशनल प्याब्सनले विद्यालयलाई शान्तिक्षेत्रको रुपमा मान्यता दिनुपर्ने, आफूहरु विद्यालय बन्दहड्तालको पक्षमा नरहेको र लामो समयपछि आउन लागेको विद्यालय शिक्षा ऐन विद्यार्थी, अभिभावक, लगानीकर्ता तथा समग्र शिक्षाक्षेत्रकै लागि ऐतिहासिक कोसेढुंगा सावित होस् भन्ने अपेक्षा व्यक्त गरेको छ ।

# पशुपतिनाथमा पुस्तकालय दिवस मनाइयो

साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/ मनहरी-४ मसिनेमा रहेको पशुपतिनाथ माविले राष्ट्रिय पुस्तकालय दिवसको अवसरमा बिबिध कार्यक्रम गरेको छ । कक्षा ९ र १० का बालबालिका बीच हाम्रो पुस्तकालय हाम्रो भविष्य विषयमा वक्तृत्वकला प्रतियोगिता, कक्षा ६ देखि ८ सम्मका बालबालिका बीचमा निवन्धलेखन प्रतियोगिता र कक्षा ४ र ५ का बालबालिकाबीचमा पुस्तकालय उपयोग र अध्ययन गर्ने तरिकाबारे जानकारी गराइएको हो ।



विद्यालयका प्रधानाध्यापक सपना लामाको सभाध्यक्षतामा भएको वक्तृत्वकला प्रतियोगितामा कक्षा १० कि छात्रा इरानी थापा प्रथम, रोशनी बर्तौला द्वितीय र गुराँस वाइबा तृतीय भई पुरस्कृत भएका छन् । विद्यालयका पूर्वप्रधानाध्यापक भानुभक्त आचार्य संयोजक रहेको निर्णायक मण्डलमा शिक्षक रामचन्द्र तिमल्सिना र शर्मिला सिग्देल सदस्य रहेका थिए । शिक्षक ईश्वर रिजालले सहजीकरण गरेको कार्यक्रममा सहभागी विद्यार्थीले नेपालमा पुस्तकालयको स्थापना, महत्व र पछिल्लो समयमा सामाजिक संजालका कारण पुस्तकालयमा पाठक घट्दै गएकोमा चिन्ता व्यक्त गरेका थिए ।

कक्षा ६ देखि ८ सम्मका ३० जनाले सहभागिता जनाएको र सबैको निवन्ध अध्ययन गरी सोमबार नतिजा घोषणा गरिने प्रअ लामाले जानकारी दिएकी छन् । बाल बालिकालाई पुस्तकालयको महत्वका बारेमा जानकारी गराउने र पुस्तक अध्ययन गर्ने आदतको विकास गर्नका लागि कार्यक्रमको आयोजना गरिएको विद्यालयले जनाएको छ । निबन्ध प्रतियोगितामा शिक्षक ज्योति थापा, प्रसान्त यादव, राजेन्द्र काफ्ले, बिमला बिष्ट, बबिता अधिकारी, सुमित्रा ढकाललगायत शिक्षकले सहजीकरण गरेका थिए । बालबालिकालाई पुस्तकालयको प्रयोगको बारेमा सहजीकरण गरिएका हो ।

# १ ग्राम २६० मिलिग्राम खैरो हेरोइनसहित ४ जना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/ मकवानपुर प्रहरीले १ ग्राम २६० मिलिग्राम लागूऔषध खैरोहेरोइनसहित चारजनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरको विशेष टोलीले हेटौंडा उपमहानगरपालिका-११ थानाभऱ्याङमा गरेको अपरेसनबाट उनीहरु पक्राउ परेका हुन् । प्रहरीका अनुसार लागूऔषध कारोवार भइरहेको भन्ने विशेष सूचनाका आधारमा खटिएको टोलीले कबि कार्की बस्ने कोठामा शंकास्पदरुपमा बसेका व्यक्तिहरुमाथि चेकजाँच गर्दा लागूऔषध फेला परेको हो । पक्राउ पर्नेहरुमा सोही ठाउँ बस्ने ३८ वर्षीय कबि कार्की, २६ वर्षीय उमेश लामा, बकैया गाउँपालिका-४ का ३३ वर्षीय सुरेश घलान र मकवानपुरगढी गाउँपालिका-३ का २९ वर्षीय सुनिल न्यौपाने रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता श्यामु अर्यालले जानकारी दिए ।

प्रहरीले उनीहरुको शरीर तथा बसोबास गरेको कोठाको तलासी गर्दा खैरोहेरोइन १ ग्राम २६० मिलिग्राम धुलो पदार्थ बरामद गरेको जनाएको छ । पक्राउ परेका चारैजनालाई नियन्त्रणमा लिएर लागूऔषधसम्बन्धी कसुरमा मुद्दा दर्ता गरिएको छ । आवश्यक अनुसन्धानका लागि मकवानपुर जिल्ला अदालतबाट म्याद अनुमति लिइएको र थप अनुसन्धान कार्य जारी रहेको प्रहरीले जनाएको छ ।

# ब्रेन ट्युमर पीडित आर्थिक सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/ थाहा नगरपालिका-४ की जननिर्वाचित वडासदस्य शान्ति बिककी १९ वर्षीया छोरी आशिका बिकको उपचारका लागि माओवादी केन्द्र थाहानगरले ४५ हजार १९ रुपैयाँ आर्थिक सहयोग हस्तान्तरण गरेको छ ।

कलिलो उमेरमै ब्रेन ट्युमरको समस्या देखिएपछि आशिका बिकको हाल भरतपुर क्यान्सर अस्पतालमा उपचार भइरहेको छ । उपचार खर्च जुटाउन सहयोगका लागि नगरकमिटीले पार्टी सदस्यबाट संकलन गरिएको रकम आशिका पिता विष्णु बिकलाई हस्तान्तरण गरिएको हो । माओवादी केन्द्र थाहा नगरकमिटीले विपतमा परेका नागरिकलाई सक्दो सहयोग गर्दै आएको जनाउँदै आशिकाको स्वास्थ्य लाभको कामना गरेको छ ।

# सवारी दुर्घटनामा २ जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/ मकवानपुरको दुई भिन्न स्थानमा भएको सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ ।

गणेशमानसिंह सडक खण्डअन्तर्गत थाहा नगरपालिका-१०, टौखेलमा रोकिराखेको ट्रकमा मोटरसाइकल ठोक्किएर मोटर साइकल चालकको मृत्यु भएको छ । थाहा नगरपालिका-१० विसिङखेलबाट टौखेलतर्फ आइरहेको बा.प्र.६६ प २३५२ नं.मोटरसाइकल तरकारी लोड गर्न रोकी राखिएको ना.७ ख ४२७६ नं.को ट्रकमा ठोक्किएर टौखेलका ३२ वर्षीय अमिर गोपालीको उपचारको क्रममा मृत्यु भएको हो । काभ्रेको विग केयर अस्पतालमा उपचारको क्रममा शनिबार राति गोपालीको मृत्यु भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । यसैगरी मकवानपुरको बकैया गाउँपालिका-६ खोपिल्टोगाउँमा ट्याक्टरले किचेर ट्याक्टर चालकको मृत्यु भएको छ ।

बाराको निजगढ नगर पालिका-१२ का ट्याक्टर चालक ३३ वर्षीय बुद्धिलाल थिङको ना ६ त ८९९९ नम्बरको ट्याक्टरले थिचेर मृत्यु भएको हो । रामबहादुर ब्लोनको खेतमा ट्याक्टरले जोत्ने क्रममा ट्याक्टर चालकसहित कान्लाबाट पल्टेर चालक थिङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । ट्याक्टरले किचेर थिङको घटनास्थलमा नै मृत्यु भएको थियो ।

# ११३ किलो गाँजासहित ३ जना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, १५ भदौ/ मकवानपुरमा ठूलो परिमाणको लागूऔषध गाँजासहित तीनजना पक्राउ परेका छन् । विशेष सूचनाको आधारमा खटिएको प्रहरीटोलीले हेटौंडा उपमहानगरपालिका-३ बसामाडी चौकी अगाडिको पूर्वपश्चिम राजमार्ग खण्डमा बा.प्र.०१-००२ ज ६५४९ नम्बरको ईभी गाडीबाट गाँजा बरामद गरेको हो ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडा र प्रहरीचौकी बसामाडीको संयुक्त टोलीले नेवार पानीतर्फबाट हेटौंडातर्फ आउँदै गरेको गाडीलाई रोक्ने क्रममा शंका लागेपछि खानतलासी गर्दा ११२ किलो ७९० ग्राम गाँजा फेला परेको प्रहरीले जनाएको छ । प्रहरीले गाडी चालक काभ्रे जिल्ला पाँचखाल नगरपालिका-८ का २१ वर्षीय सुदीप तामाङ, गाडीमा सवार २० वर्षीय सविन तामाङ र दोलखा जिल्ला सैलुङ गाउँपालिका-८ का २२ वर्षीय सागर तामाङलाई सुरक्षा जाँच गर्दा गाँजा बरामद गरेको थियो ।

बरामद गरिएको गाँजा तथा प्रयोग भएको ईभी गाडी सहित तीनै जनालाई नियन्त्रणमा लिई मकवानपुर जिल्ला अदालतबाट म्याद अनुमति लिएर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । पछिल्लो समयमा लागूऔषध गाँजा ओसारपसार गर्ने क्रम बढेको पाइएको छ ।

## जग्गा खरिद गर्दा ध्यान दिनुपर्ने कुराहरू:

- विक्रेता वास्तविक हो/होईन, निजको हक भोग छ/छैन प्रष्ट होऔं,
- कित्ताको मोठ श्रेस्ता, फोटो र तीनपुस्ते ठिक भए नभएको एकिन गरौं,
- कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा झगडा भए/नभएको बारेमा प्रष्ट होऔं,
- जग्गा र नक्सामा बाटो छ/छैन एकिन गरौं,
- जग्गाको हकभोग अनुसार आकार प्रकार मिले/नमिलेको एकिन गरौं,
- जग्गा रैकर वा गुठी के हो प्रष्ट होऔं,
- जग्गामा मोही भए/नभएको प्रष्ट होऔं,
- लालपूर्जा, जमिन र नक्साको क्षेत्रफल मिल्छ/मिल्दैन एकीन गरौं,
- सिमानामा विवाद भए/नभएको साँध संधियारबाट बुझौं,
- नक्सा बमोजिमको जमिनमा चारैतर्फ सिमाना एकीन गर्न रेखाङ्कन गराएर मात्र खरिद बिक्री गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पूर्ण ब्राण्डका गाडी
### एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना